# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ६७ | काठमाडौं | बिहीबार, १४ असार २०८० | Prabhab National Daily | Thursday, June 29, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


ललिता निवास प्रकरण

## पूर्वप्रधानमन्त्रीहरु निसानामा !




■ जेबी योञ्जन

**काठमाडौं–** बहुचर्चित ललिता निवासको सरकारी जग्गा व्यक्तिको नाममा पास गरेर हिनामिना गरेको प्रकरणको फाइल नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले खोलेपछि यसले देश तरंगित बनेको छ ।

उक्त प्रकरणको छानबिन समिति संयोजक रहेका पूर्वसचिव शारदाप्रसाद त्रिताल पूर्वप्रधानमन्त्रीहरू माधवकुमार नेपाल र डा. बाबुराम भट्टराईलाई समेत तानिनसक्ने सम्भावना रहेको बताउँछन् । 'यो मन्त्री, प्रधानमन्त्रीदेखि कर्मचारी र विचौलियाको मिलेमतोमा भएको हालसम्मकै ठूलो भ्रष्टाचार हो,' उनले प्रभावसँग भने, 'त्रिपक्षीय मिलेमतोमा भएको यो भ्रष्टाचार प्रकरणमा म छानबिन समितिमा रहेर काम गरेको हुनाले जो-जो मुछिएका छन्, उम्किने छाँट देख्दिनँ । चाहे पूर्वप्रधानमन्त्रीहरू किन नहोस् ।'

त्रितालका अनुसार नेपाल र भट्टराई प्रधानमन्त्री भएका बेला पटकपटक ललिता निवासको सरकारी जग्गा व्यक्तिको नाममा पास गर्न निर्णय भएको थियो ।

तर, अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भने नेपाल र भट्टराईले मन्त्रिपरिषद् बैठकबाट गरेका निर्णयहरू नीतिगत भएको जनाएको छ । यस आधारमा मुद्दा नचल्ने निर्णय अख्तियारले गरेको थियो । यसपछि विशेष अदालतमा अख्तियारले मुद्दा दायर नै गरेन ।

सिआइबीले भने कीर्ते, जालसाजी र ठगी मुद्दाको अनुसन्धान गरिरहेको छ । यी तीन मुद्दामा नै नेपाल र भट्टराईसहितलाई तानिनसक्ने आधार छानबिन समिति संयोजक त्रिताल देख्छन् ।

हाल सर्वोच्चमा नेपाल र भट्टराईविरुद्धको मुद्दा छ । ललिता निवाससम्बन्धीको उक्त मुद्दाको सुनुवाइ सकिएर निसु (निर्णय सुनाउने) हुन बाँकी छ । यहीबेला सिआइबीले फेरि मुद्दाको फाइल खोलेर अघि बढाएको हो । सिआइबी प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक (बाँकी पृष्ठ २ मा)



त्रिपक्षीय मिलेमतोमा भएको यो भ्रष्टाचार प्रकरणमा म छानबिन समितिमा रहेर काम गरेको हुनाले जो-जो मुछिएका छन्, उम्किने छाँट देख्दिनँ । चाहे पूर्वप्रधानमन्त्रीहरु नै किन नहोस् ।

■ **शारदाप्रसाद त्रिताल**
**संयोजक, ललिता निवासको जग्गा छानबिन समिति**



साना माछा र ठूला माछाभन्दा पनि अपराधमा संलग्नता कसको छ भन्ने हाम्रा लागि महत्त्वपूर्ण रहन्छ । हामी त्यो आधारमा जान्छौं । को ठूला को साना भन्ने हुँदैन ।

■ **किरण बज्राचार्य**
**प्रमुख, सिआइबी**

# सभामुखको 'एमाले झुकाव'

### ध्वनी मतले पास भइसकेको बजेट पुनः मत विभाजनमा लगेर पारित





- बजेट निर्णयार्थ पेस गर्नै लाग्दा सत्तापक्षका प्रमुख सचेतक र प्रतिपक्षका सचेतकबीच घोचपेच
- एमाले र रास्वपाले अवरोध गर्दा सभामुख घिमिरेले तत्काल सदन स्थगित
- पारित भइसकेको बजेट एमालेको विरोधपछि पुनः मत विभाजनबाट पास

■ प्रभाव संवाददाता

**काठमाडौं–** बुधबार प्रतिनिधिसभा बैठकमा अर्थमन्त्री डा. प्रकाशशरण महतले आगामी वर्ष २०८०/८१ का लागि प्रस्तुत बजेट पारित गर्ने प्रस्ताव पेस हुँदै थियो । बजेट पारित हुनेमा सत्तारुढ दल ढुक्क देखिँदा यसलाई असफल बनाउने प्रयासमा लागे प्रमुख प्रतिपक्ष दल । बजेट पारित गर्ने क्रममा सभामुख घिमिरे सरकारप्रति कठोर र एमालेप्रति लचक बनेको पटक-पटकको व्यवहारबाट प्रस्ट देखिन्थ्यो ।

त्यसो त भारत भ्रमणपछि सदनमा जवाफ दिन प्रधानमन्त्री पुष्पकमल दाहाल रोस्ट्रममा उभिँदा पनि सभामुख घिमिरेमाथि 'एमाले' हाबी भएको आरोप लागेको थियो । त्यही व्यवहार दोहोरियो बुधबार ।

सभामुखका कारण बुधबार दिउँसो अर्थमन्त्री डा. महतले प्रस्तुत गरेको आगामी वर्षको बजेट दुई-दुई पटक पारित भयो ।

प्रमुख सचेतकहरूको घोचपेचपछि बैठक नै स्थगित

प्रतिनिधिसभाको बुधबारको बैठकको माहोल प्रधानमन्त्री पुष्पकमल दाहालको प्रस्तुतिका कारण पनि बनिसकेको थियो । सवालजवाफका लागि उपस्थित हुने भनिएको प्रधानमन्त्री दाहालले छ महिने प्रगति विवरणसमेत राख्न भ्याए । लगत्तै सभामुख घिमिरेले खर्च कटौतीका प्रस्तावहरू निर्णयार्थ प्रस्तुत गरे । खर्च कटौतीको प्रस्ताव सक्नसाथ विनियोजित विधेयकको अंग बनाउनका लागि सभामुखले प्रस्ताव राखे । त्यही बेला प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले विरोध जनाउँदै सांसदहरू उठे ।

सभामुखले एमाले प्रमुख सचेतक पदम गिरीलाई समय दिए । उनले जिल्ला निर्वाचन कार्यालयको विषयमा विरोध जनाए । 'जिल्ला निर्वाचन कार्यालयलाई यथावत् राख्ने विषयलाई बजेटको अंगको रूपमा नल्याएकोमा उनले आपत्ति जनाए । 'अंग नबनाए विनियोजित विधेयक नराखे पास हुन दिन्नँ,' गिरीले चेतावनी दिनासाथ रास्वपाका सांसदहरूले उठेर विरोध जनाए । रास्वपालाई समय दिन सभामुखले लामै समय लगाए । केहीबेरपछि बल्ल रास्वपाका प्रमुख सचेतक सन्तोष परियारलाई बोल्न समय दिए । परियारले पनि बजेटमा जिल्ला निर्वाचन कार्यालय खारेजीको विषय कसरी मेटिन्छ भन्दै प्रश्न गरे । 'बजेटमा राखेको त्यो व्यवस्था कसरी हटाइन्छ, सुनिश्चितता चाहियो नत्र सदन अघि बढ्दैन,' परियारले चेतावनी दिए ।

त्यसपछि कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले निर्वाचन कार्यालयको विषय राजनीतिक नभएको तर्क गरे । 'बजेटमा लेख्दा त्रुटि भए पनि जिल्ला निर्वाचन कार्यालय कतै जाँदैनन् । कतै गाभिँदैनन् । अहिले पनि जिल्ला प्रशासन कार्यालयमै हुन्छ जिल्ला निर्वाचन कार्यालय । प्रशासनको मातहत जानुहुँदैन भन्ने विषयमा सबै सहमत भइसकेका छन्,' लेखकले भने, 'अब राजनीतिक विषय रहेन । यो प्राविधिक विषयलाई राजनीतिक विषय नबनाऊ ।'

लेखकको बोलीले एमाले र रास्वपाका सांसदहरू आक्रोशित बने । आफ्नो भनाइ पूरा राख्न पाउनुपर्ने भन्दै लेखक पनि आक्रोशित बने । त्यसपछि प्रमुख सचेतक लेखकले अर्थमन्त्री डा. महतले नै प्रतिबद्धता जनाइसकेकाले ढुक्क हुन आग्रह गरे । यसो त लेखकले सभामुख घिमिरेलाई सदन निरन्तरता दिन पनि चुनौती दिए । 'फेरि माननीय अर्थमन्त्रीले प्रस्तुत (बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

# वैदेशिक रोजगारीमा व्यक्तिगत र संस्थागत ठगी बराबरी

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीका क्रममा हुने ठगीका घटनामा व्यक्तिगत र संस्थागत (म्यानपावर) ठगी बराबरीजस्तै रहेको एक अध्ययनले देखाएको छ । वैदेशिक रोजगारीको नाममा परेका उजुरी र मुद्दाका आधारमा व्यक्तिगत र संस्थागत ठगी बराबरीजस्तै रहेको मानवअधिकारका लागि जनमञ्च, पिपुल फोरमले जनाएको छ ।

फोरमले चालु आर्थिक वर्षको वैदेशिक रोजगारसम्बन्धी प्रतिवेदन सार्वजनिक गर्दै ठगीको शृंखला स्वदेश तथा विदेश दुवै ठाउँमा रहेको उल्लेख गरेको छ । वैदेशिक रोजगार पीडितहरूलाई निःशुल्क कानुनी सहायता प्रदान गर्दै आएको फोरमले यसै आवमा कानुनी परामर्शका लागि दुई हजार ८८२ जनाले आफू ठगिएको उजुरी दिएको बताएको उल्लेख गरेको छ । जसमा एक हजार ४८२ व्यक्तिगत र एक हजार ४०० संस्थागत ठगी गरेको तथ्यांक समावेश गरिएको छ । यसरी आएका मुद्दाहरूमध्ये नेपालमा नै ५४ प्रतिशत ठगी भएको र बाँकी ४६ प्रतिशत विदेश गइसकेपछि हुने गरेको बताइएको छ ।

शून्य लागतको व्यवस्था भएका कतिपय मुलुकमा जानसमेत विचौलिया एवं म्यानपावरलाई मोटो रकम बुझाएर ठगीमा परेका श्रमिकले गन्तव्य मुलुकमा पुगेर तलब नपाउने, सम्झौताभन्दा फरक काम गर्नुपर्ने र अलपत्र अवस्थाको सामना गरिरहनुपरेको फोरमका अधिवक्ता सुदिप देवकोटाले जानकारी दिए । विदेशमा अलपत्र परेको, तलब नपाएको, सम्झौताअनुसार फरक काममा लगाएको तथा वैदेशिक रोजगारीका नाममा हुने ठगीका विषयमा कानुनी परामर्शको लागि यसअघि पनि ठूलो संख्यामा उजुरी पर्ने गरेको उनले बताए ।

> शून्य लागतको व्यवस्था भएका कतिपय मुलुकमा जानसमेत विचौलिया एवं म्यानपावरलाई मोटो रकम बुझाएर ठगीमा परेका श्रमिकले गन्तव्य मुलुकमा पुगेर तलब नपाउने, सम्झौताभन्दा फरक काम गर्नुपर्ने र अलपत्र अवस्थाको सामना गरिरहनुपरेको फोरमका अधिवक्ता सुदिप देवकोटाले जानकारी दिए ।

अधिवक्ता देवकोटाले वैदेशिक रोजगारीमा नाममा हुने पीडितमध्ये आधाजसो स्वदेशमा नै ठगीमा पर्ने र अन्य विदेशमा पुगेपछि अलपत्र पर्ने, तलब नपाउने धेरै देखिएको बताए । 'उजुरी उत्पतिको आधारमा नेपालमै ठगिनेहरू ६० प्रतिशत रहेको छ,' उनले भने, 'विदेशी मुलुकमा युएई १३ प्रतिशत, साउदी अरब १२ प्रतिशत, मलेसिया ६ प्रतिशत र अन्यमा कुवेत, कतार, कम्बोडियालगायतका श्रम गन्तव्य रहेका छन् ।' त्यसैगरी रोजगारदाताले पासपोर्ट जफत गरेको, कम तलब दिएकोसम्बन्धमा पनि उजुरी पर्ने गरेको उनले बताए ।

ठूलो संख्यामा ठगीका उजुरी र मुद्दा परे पनि फितलो कानुनी प्रक्रियाका कारण ठगी गर्नेले उन्मुक्ति पाउँदै आएको फोरमका सल्लाहकार एवं अधिवक्ता सोमप्रसाद लुईंटेलले बताए । उनले व्यक्तिगत ठगीका घटनामा सरकारले तदारुकता देखाए पनि संस्थागतरूपमा हुने ठगीमा कारबाही गर्न आलटाल गर्नुका साथै विभिन्न बाहानामा मेलमिलापको नीति लिने गरेको बताए ।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ र ४४ बमोजिम व्यक्तिगतभन्दा पनि संस्थागत ठगीमा अझ कडा कारबाहीको प्रावधान रहे पनि कमैमात्र कानुनी दायरामा आएको लुईंटेलको भनाइ छ । ऐनको दफा ४४ अनुसार म्यानपावर कम्पनीहरूले कोही कसैलाई वैदेशिक रोजगारीमा पठाइदिने झुटो आश्वासन वा प्रलोभन देखाएर रकम लिई नपठाएको प्रमाणित भएमा लिएको रकम र त्यसको ५० प्रतिशतले हुने हर्जना भराईनुका साथै तीनदेखि पाँच लाख रूपैयाँसम्म वा तीनदेखि सात वर्षसम्म कैद गर्ने र इजाजतपत्र खारेज हुने व्यवस्था छ ।

फोरमले हालसम्म विभिन्न परियोजनामार्फत नेपालका ७७ जिल्लाका २८ हजार ३०२ वैदेशिक रोजगार पीडितहरूलाई निःशुल्क कानुनी सहायता उपलब्ध गराएको जनाएको छ । प्रतिवेदनले वैदेशिक रोजगारीको प्रयोजनका लागि 'भिजिट भिसा'मा जाने नेपालीको संख्यामा कमी आएको जनाउँदै पछिल्लो समय वैदेशिक रोजगारीको नाममा मानब बेचविखन तथा ओसारपसारको गतिविधि बढेको देखाएको छ ।

## साउदीमा थप ८५ जनालाई 'एक्जिट भिसा'

**काठमाडौं (प्रस)–** रोजगारीका लागि साउदी अरेबिया पुगेर विभिन्न समस्या झेलिरहेका थप ८५ जना नेपाली कामदारले 'एक्जिट भिसा' (वहिगर्मन) पाएका छन् । साउदीको अध्यागमन कार्यालयले हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) सकिएका वा नपाएका ८५ जनालाई एक्जिट भिसा दिइएको हो ।

एक्जिट भिसा प्राप्त गरेका व्यक्तिहरूले जतिसक्दो चाँडो साउदी छोड्नुपर्ने रियादस्थित नेपाली दूतावासले जानकारी दिएको छ । एक्जिट भिसा प्राप्त हुने कामदारहरूमा इकामा नभएका ५२ जना छन् भने हुरुब लागेका ३३ जना रहेका छन् । यसरी हुरुब लागेका र इकामा नभएका नेपालीहरूलाई यथाशीघ्र साउदी छोड्न जानकारी दिँदै समयमै एक्जिट भिसाको म्याद हेर्न पनि दूतावासले आग्रह गरेको छ । एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने र यसबापत एक हलाला पनि कहीँ कतै बुझाउनु नपर्ने दूतावासले जनाएको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

दूतावासले इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरूब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ गरिदिने प्रस्ट पारेको छ । त्यसैगरी, कुनै केस वा जरिवाना छ भने त्यसको छिनोफानो नभएसम्म एक्जिट भिसा नलाग्ने र भिसा दिने सम्पूर्ण अधिकार साउदीको अध्यागमन कार्यालयसँग मात्रै हुने दूतावासले प्रस्ट पारेको छ ।




# आजदेखि उपत्यकामा २ हजार २८ शयया निःशुल्क

**काठमाडौं (प्रस)**– स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले आज (बिहीबार)देखि सरकारी अस्पतालमा विपन्न, असहाय र बेवारिसे बिरामीको उपचारका लागि दुई हजार २८ शयचा निःशुल्क गरिने बताएका छन् ।

आजदेखि उपत्यकाका गंगालाल हृदयरोग केन्द्र, प्रसूति गृह, कान्ति बाल र शुक्रराज ट्रपिकल सरुवा रोग अस्पतालले विपन्नका लागि निःशुल्क शयचा उपलब्ध गराउने उनले जानकारी दिए । 'कान्तिबाल अस्पतालले ६० शयचा, परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालले ४५० शयचा, ट्रमा सेन्टरले १५० शयचा र सहिद गंगालाल हृदयरोग केन्द्रले ९० शयचा निःशुल्क गर्ने निर्णय गरेका छन्,' मन्त्री बस्नेतले भने । उनका अनुसार अहिलेसम्म विपन्नका लागि निःशुल्क घोषणा गरिएका शयचाको संख्या दुई हजार २८ पुगेको छ ।

'वीर अस्पतालले सात सय शयचा र कोशी अस्पतालले ३३० शयचा निःशुल्क उपलब्ध गराउने यसअघि नै घोषणा गरिसकेका छन्,' मन्त्री बस्नेतले भने । उनले विस्तारै देशभरिका केन्द्रीय अस्पतालमा विपन्नका लागि निःशुल्क शयचा थप्दै जाने र ती शयचामा उपचार पनि निःशुल्क हुने जानकारी दिए ।

शयचा निःशुल्क गरेपछि अस्पतालमाथि पर्ने आर्थिक भार कम गर्नका लागि केही बजेट सम्बन्धित अस्पतालले व्यवस्थापन गर्ने र अपुग रकम स्वास्थ्य मन्त्रालयले बेहोर्ने गरी काम भइरहेको मन्त्री बस्नेतले बताए । स्वास्थ्य उपचार पाउनु जनताको संवैधानिक अधिकार भएकाले उक्त निर्णय सबै अस्पतालले कार्यान्वयन गर्नुपर्नेमा उनले जोड दिए ।

निजी अस्पताल पनि जिम्मेवार भई नियम अनुसार कूल शयचाको १० प्रतिशत विपन्नका लागि निःशुल्क छुटचाउनुपर्ने भन्दै मन्त्री बस्नेतले १० प्रतिशत शयचा निःशुल्क गर्ने नियम कडाइका साथ कार्यान्वयन गराइरहेको बताए ।

## सभामुखको...

पृष्ठ १ बाट जारी

गरेर यहीनेर अहिले नै यो विषयसमेत संशोधन गरेर प्रस्ताव गरेर यो विधेयक अघि बढाउन सकिन्छ । त्यसकारण हाउसलाई एडजर्न गरेर लामो समय लिएर जानुभन्दा माननीय मन्त्रीज्यूले पुनः प्रतिबद्धता व्यक्त गर्नुहुन्छ । माननीय सभामुखले यसलाई अंग बनाइयोस् भन्नुहुन्छ । यो कार्यविधिअनुसार अघि बढाउन अनुरोध गर्दछु,' चुनौतीमूलक सुझाव पेस गर्दै लेखकले भने, 'हैन यसलाई एडजर्न गरेर लाने सभामुखको आशय हो भने कुनै आपत्ति रहने छैन ।' एमाले र रास्वपाले अवरोध कायमै राखेपछि सभामुख घिमिरेले १५ मिनेटका लागि बैठक स्थगित गरे ।

प्राविधिक विषय मिलाउन भन्दै स्थगित बैठक करिब एक घण्टापछि बैठक दोस्रोपटक सुरु भयो । सभामुख घिमिरेले सरासर कारबाही प्रारम्भ गरे । अर्थमन्त्रीले यसअघि सदनमा उठेका सवालको जवाफ दिन सभामुखले समय दिए । यसअघि जिल्ला निर्वाचन कार्यालय खारेजीको विषयले माहोल तातेको थियो, अनुसूची १६ खण्ड (क) को क्रमसंख्या १० मा रहेको व्यवस्थाले । यसमा जिल्ला निर्वाचन कार्यालय खारेजीको व्यवस्था रहेको थियो ।

'हामी लोकतन्त्रको पक्षमा रहेको र निर्वाचनको पक्षमा रहेकोले निर्वाचन आयोगलाई संवैधानिक हैसियत संविधानले दिएको सर्वविदितै छ,' अर्थमन्त्री महतले आश्वस्त पार्न खोजे, 'हामीले धेरै निर्वाचन सम्पन्न गरिसकेका छौं । त्यही कुरालाई मध्यनजर राखेर निर्वाचन आयोग स्वतन्त्र ढंगले राख्नुपर्दछ । हामीले खर्च कटौती कसरी गर्ने भन्ने मनसायमा जिल्ला निर्वाचन कार्यालयमा भएको व्यवस्थाअनुसार संरचनामा रहेकोले पाँच वर्ष काम गर्नुपर्दैन कि भन्ने मनसायबाट यस्तो भएको हो ।'

महतले पुरानै प्रतिबद्धता दोहोऱ्याए फेरि- कहीँकतै यो प्रशासन कार्यालयमै हुँदा सरकारको प्रभाव पर्ने हो कि भन्ने शंका परेछ । त्यो कुनै पनि उद्देश्य नेपाल सरकारको थिएन । मैले हिजै भनेको थिएँ । फेरि दोहोऱ्याएर भन्दै छु । शंका गर्नैपर्दैन । जिल्ला निर्वाचन कार्यालय जसरी चलेका छन् त्यसरी नै चल्नेछ । मैले भनेको थियो । विनियोजन विधेयक पास गर्ने बेला अझ स्पष्ट हुनुपऱ्यो भन्ने कुरा आयो । अनुसूची १६ खण्ड (क) को क्रमसंख्या १० मा रहेको व्यवस्थालाइ हटाएर पुरानै व्यवस्था राखेको जानकारी सम्मनित सदनसमक्ष जानकारी दिन चाहन्छु ।

त्यसपछि उक्त बजेटमा भएको प्रावधान हटाएको र पुरानै व्यवस्था कायम रहेको लिखित व्यहोरा संसद्लाई आएको जानकारी दिए । सभामुख घिमिरेले विनियोजन विधेयकको दफा २ देखि १० सम्म अंग बन्नका लागि निर्णयार्थ पेस गरे । उक्त विधेयक अंग बन्नका लागि हुन्छ भन्नेको बहुमत आयो ।

त्यसपछि अर्थमन्त्री डा. महतले विनियोजन विधेयक २०८० लाई पारित गरियोस् भनी रोस्ट्रमबाट अनुरोध गरे । अर्थमन्त्रीले प्रस्ताव राख्नसाथ सभामुख घिमिरेले उक्त प्रस्तावलाई निणयार्थ पेस गरे । सत्तारुढ दलका सांसदहरूको बाक्लो उपस्थिति थियो । सभामुखले प्रस्तावको पक्षमा हुन्छ भन्ने धेरै देखिएकोले बजेट बहुमतले पारित भएको घोषणा गरे । 'हुन्छ भन्ने माननीयको बहुमत भएकोले विनियोजित बजेट-२०८० बहुमतले पारित भएको घोषणा गर्दछु,' सभामुखले घोषणा गर्नसाथ ताली गुञ्जियो सत्तापक्षबाट ।

तत्कालै एमाले सांसदहरूले उठेर विरोध जनाए । कत्ति पनि नपर्खी सभामुख घिमिरेले एमालेका सचेतक महेश बर्तौलालाई बोल्न समय दिए । प्रस्तावको विपक्षमा बहुमत भएको बर्तौलाले दाबी पेस गरिहाले । 'भर्खर विनियोजन विधेयक, २०८० प्रस्ताव सम्बन्धमा यहाँबाट एउटा निर्णयको घोषणा भयो । यो घोषणा हुँदै गर्दा हामीलाई लागेको थियो सम्माननीय सभामुख महोदय, प्रस्तावको हुन्न भन्ने पक्षमा अत्यधिक मत रहेको हामीलाई आभाष भएको थियो । तर, सम्माननीय सभामुखको घोषणा प्रस्तावको पक्षमा बहुमत भन्दै भयो । यसप्रति हामी असहमति जनाउँदै प्रतिनिधिसभाको नियमावली बमोजिम नियमावलीको नियम २९ बमोजिम मत विभाजनको माग गर्दछु,' बर्तौलाले भने ।

कति पनि नपर्खी सभामुख घिमिरेले प्रतिनिधिसभाको नियमावली २०७९ को नियम २९ को उपनियम १ बमोजिम प्रस्तावलाई निर्णयार्थ पेस गरे । घोषणा भइसकेको विषयमा सभामुखले एमालेको विरोधलाई सदर गर्दै पुनः मत विभाजनतिर लम्ब्याए । उक्त उपनियममा २८ भन्दा बढी सांसद उठेर असहमति जनाएमा मत विभाजन गरी मत संकलन गर्ने व्यवस्था छ । सोहीअनुरूप सभामुखले मत विभाजनको घोषणा गरे ।

### बर्तौलाको दाबी पुगेन, बजेट बहुमतले पारित

अर्थमन्त्री महतले प्रस्तुत गरेको आर्थिक वर्ष २०८०/८१ को बजेट बहुमतले पारित भएको छ । सभामुख घिमिरेले पहिलोपटक पास भएको घोषणा गरेको आधा घण्टापछि बजेट मत विभाजनबाट पुनः पास भएको हो । प्रतिनिधिसभामा २५५ सांसद उपस्थित रहेकामा बजेटको पक्षमा १४७ मत र विपक्षमा १०८ मत परेको र बहुमतले पारित गरेको सभामुख देवराज घिमिरेले घोषणा गरे ।

# उपप्रधानमन्त्री श्रेष्ठ र चीनका उपप्रधानमन्त्री फङबीच भेटवार्ता

■ अशोक घिमिरे



**छेन्दु (चीन)**– जनवादी गणतन्त्र चीनको भ्रमणमा रहेका उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ र चीनका उपप्रधानन्त्री ह लि फङबीच द्विपक्षीय भेटवार्ता भएको छ । सिचुवान प्रान्तको राजधानी छेन्दुमा बुधबार भएको सो भेटमा उनीहरूबीच द्विपक्षीय सम्बन्धका विविध आयाममा छलफल भएको थियो ।

दुई देशबीच व्यापार, लगानी, पर्यटन, 'कनेक्टिभिटी'लगायत विषयमा छलफल हुनुका साथै चीनद्वारा नेपालमा थप सहयोग बढाउनेबारेमा विचारविमर्श भएको थियो । थप व्यापारिक नाका खोल्ने र नेपाल-चीन सीमानाकामा आवातजावत सहज बनाउने विषयमासमेत सकारात्मक छलफल भएको थियो ।

यस्तै चिनियाँ सहयोगमा नेपालमा निर्मित परियोजनालाई छिटोछरितो ढंगबाट सम्पन्न गर्ने विषयमा दुवै पक्षबीच सहमति भएको छ । दुवै पक्षबीच प्राकृतिक प्रकोप एवं विपद्को सामना गर्न मिलेर अगाडि बढ्ने समझदारी जुटेको छ ।

सो अवसरमा उपप्रधानमन्त्री श्रेष्ठले एक चीन नीतिलाई दोहोऱ्याउँदै नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वतन्त्रतालाई चीनले सधैं समर्थन गर्दै आएकामा धन्यवाद दिए । राजनीतिक स्थिरतासँगै नेपालले आर्थिक समृद्धिमा जोड गरेको प्रसंग उल्लेख गर्दै उनले आगामी दिनमा नेपालको आर्थिक विकासमा चीनको सहयोग र लगानी वृद्धि हुने विश्वास व्यक्त गरे ।

चिनियाँ उपप्रधानमन्त्री फोङले चीनले नेपालसँगको सम्बन्धलाई विशेष महत्त्व दिँदै आएको बताए । कोरोना महामारीपश्चात् द्विपक्षीय भ्रमण आदानप्रदान अभिवृद्धि भएको चर्चा गर्दै उनले तातोपानी नाकालाई व्यापार तथा आवातजावतमा खुला गर्नका लागि आफूले पहल गर्ने विश्वास दिलाए ।

उनले 'वेस्ट्र्न चाइना इन्टरनेसनल एक्स्पो'मा उपप्रधानमन्त्री श्रेष्ठले नेपाल सरकारका तर्फबाट सहभागिता जनाएकामा खुसी प्रकट गरेका थिए । सन् २०१९ मा चीनका राष्ट्रपति सी चिनफिङको नेपाल भ्रमणका क्रममा आफूले पनि काठमाडौंको भ्रमण गरेको स्मरण गर्दै उपप्रधानमन्त्री फोङले दुई देशबीच अत्यन्त सुमधुर सम्बन्ध रहेको बताए । द्विपक्षीय भ्रमणका आदानप्रदानबाट दुई देशबीचको सम्बन्ध अझ प्रगाढ बनेको उनको भनाइ छ ।

भेटवार्तामा नेपालका तर्फबाट उपप्रधानमन्त्री श्रेष्ठ, परराष्ट्र मन्त्रालयका सहसचिव लोकबहादुर थापा, गृह मन्त्रालयका सहसचिव रुद्रादेवी शर्मा, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव महेश बराल, छेन्दुस्थित नेपाली महावाणिज्य दूत दिनेशकुमार घिमिरे र उपप्रधानमन्त्रीका स्वकीय सचिव सुरेशकाजी श्रेष्ठ सहभागी थिए ।

चीनको तर्फबाट उपप्रधानमन्त्री फोङ, सिचुवान प्रान्तको पार्टी सेक्रेटरी वाङ स्यायो हुई, उपमन्त्री, बेल्ट एण्ड रोड इनिसियटिभ (बिआरआई) का उच्च अधिकारीलगायतको सहभागिता रहेको थियो ।

उपप्रधानमन्त्री श्रेष्ठ बुधबार नै सात सदस्यीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै छेन्दु आइपुगेका हुन् । उनलाई छेन्दुस्थित थियान्फु अन्तर्राष्ट्रिय विमानस्थलमा सिचुवान जनसरकारका उपमहासचिव सिया ओफंग र यहाँस्थित नेपाली महावाणिज्यदूत दिनेशकुमार घिमिरेलगायतले स्वागत गरेका थिए ।

सिचुवान प्रान्त सरकारले उपप्रधानमन्त्री श्रेष्ठलाई उच्च सम्मान दिएको थियो । उनले आज बिहीबार 'वेस्टर्न चाइना इन्टरनेसनल एक्स्पो'को उद्घाटन सत्रलाई मुख्य वक्ताका रूपमा सम्बोधन गर्ने कार्यक्रम रहेको छ । दिउँसो छेन्दुको योजना प्रदर्शनी हल र सिचुवान सहरको भ्रमण एवं प्रदर्शनीको अवलोकन गर्ने कार्यक्रम छ । *रासस*

# हिंसापीडित महिलालाई एकीकृत सेवा गराउने संकल्प

**काठमाडौं (प्रस)**– महिला आश्रय गृहहरूको प्रथम राष्ट्रिय सम्मेलनले लैंगिक हिंसा पीडित/प्रभावित महिलाका लागि आवश्यक एकीकृत सेवा गराउने संकल्प गरेको छ ।

सम्मेलनले शारीरिक उपचार, मनोसामाजिक परामर्श, कानुनी सहायता, क्षमता विकासका सीप, सामाजिक पुनःस्थापनालगायतका सेवा प्रदान गर्ने आश्रय गृहलाई समर्थन र सहयोगका लागि अपिल गरेको छ । तीन दिनसम्म चलेको सम्मेलन बुधबार जारी गरेको १७ बुँदे घोषणापत्रमा आश्रय गृह सञ्चालनका लागि साझा मापदण्ड बनाउन जोड दिइएको छ ।

'आश्रय गृहको सेवा: सशक्तीकरणमा टेवा' भन्ने नाराका साथ सञ्चालन भएको सम्मेलनमा सातै प्रदेशबाट सहभागी आश्रयगृहका प्रतिनिधिले महिला आश्रयगृहको क्षमता र संस्थागत विकासका लागि संरचना, स्रोत र दक्षजनशक्तिको समेत उत्तिकै महत्त्व रहेकोले सरोकारवालाबीच सहकार्यमा जोड दिएका छन् ।

घोषणापत्रमा स्रोत साधनमा पहुँच तथा दिगोपनाका लागि तीन तहका सरकारको प्रतिबद्धता र ऐक्यबद्धता हुनुपर्ने, लैंगिक हिंसाबाट पीडित/प्रभावित महिला तथा आश्रित बालबालिकामाथि हुने जोखिम न्यूनीकरणका लागि पहल हुनुपर्ने र पीडित/प्रभावितको खण्डिकृत तथा एकीकृत तथ्यांक प्रणाली स्थापना हुनुपर्ने उल्लेख छ ।

सम्मेलनमा सहभागी आश्रयगृह सञ्चालक, अधिकारकर्मीले हिंसाबाट पीडितको पारिवारिक पुनर्मिलनसमेतका लागि अल्पकालीन तथा दीर्घकालीन सेवा प्रदान गर्न सरकारी तथा गैरसरकारी निकायको सहयोगमा सञ्चालित महिला आश्रयगृहको लैंगिक हिंसा निवारणमा विशेष भूमिका र महत्त्व रहेको जानकारी दिँदै लैंगिक हिंसापीडित/प्रभावित महिलाको सामाजिक, सांस्कृतिक, आर्थिक रूपान्तरणसहित आर्थिक सशक्तीकरणमा जोड दिए ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

असार १४ गते २०८०, बिहीबार

| | |
|---|---|
| **मेष** | विद्यार्थीका लागि राम्रो योग छ । |
| **वृष** | रोकिएको काम बन्नेछ । |
| **मिथुन** | टाढाको यात्रा फलदायी ह'नेछ । |
| **कर्कट** | सामाजिक कार्यमा समय बित्नेछ । |
| **सिंह** | शैक्षिक प्रगति तर आर्थिक क्षति ह'नसक्छ । |
| **कन्या** | स्वास्थ्यमा समस्या आउनसक्छ । |
| **तुला** | नयाँ कामको थालनी ह'नेछ । |
| **वृश्चिक** | सवारीसाधन चलाउँदा ध्यान दिन'होला । |
| **धनु** | मित्रजन र आफन्तसँग भेटघाट ह'नेछ । |
| **मकर** | आर्थिक क्षेत्रमा प्रगति ह'नेछ । |
| **कुम्भ** | सामाजिक प्रतिष्ठामा दाग आउनसक्छ । |
| **मीन** | नजिकको मान्छेबाट धोका ह'नसक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार १४ गते, २०८०, २९ जुन, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३०.९६ | १३१.५६ |
| युरो | १ को | १४२.६३ | १४३.२८ |
| पाउन्ड स्टिर्लङ | १ को | १६६.४८ | १६७.२५ |
| स्विस फ्रेन्क | १ को | १४५.९२ | १४६.५९ |
| अस्ट्रेलियन डलर | १ को | ८७.४६ | ८७.८६ |
| क्यानाडियन डलर | १ को | ९९.३४ | ९९.७९ |
| सिंगापुर डलर | १ को | ९६.८७ | ९७.३१ |
| जापानी येन | १० को | ९.११ | ९.१६ |
| चिनियाँ युआन | १ को | १८.२४ | १८.३२ |
| साउदी अरब रियाल | १ को | ३४.९२ | ३५.०८ |
| कतारी रियाल | १ को | ३५.९४ | ३६.११ |
| थाई भाट | १ को | ३.७२ | ३.७३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.६६ | ३५.८२ |
| मलेसियन रिंगेट | १ को | २८.०० | २८.१३ |
| दक्षिण कोरियन वन | १०० को | १०.०१ | १०.०५ |
| स्विडिस क्रोनर | १ को | १२.२२ | १२.२८ |
| डेनिस क्रोनर | १ को | १९.१६ | १९.२५ |
| हङकङ डलर | १ को | १६.७३ | १६.८० |
| कुवेती दिनार | १ को | ४२५.९७ | ४२७.९२ |
| बहराइन दिनार | १ को | ३४७.३७ | ३४८.९७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

## पूर्वप्रधानमन्त्रीहरू...

पृष्ठ १ बाट जारी

(एआइजी) किरण बज्राचार्यले पनि प्रकरणमा मुछिएका जोही कोही अनुसन्धानको दायरमा ल्याइने बताइन् ।

बुधबार पत्रकार सम्मेलन गरी उनले भनेकी छन्, 'साना माछा र ठूला माछाभन्दा पनि अपराधमा संलग्नता कसको छ भन्ने हाम्रा लागि महत्त्वपूर्ण रहन्छ । हामी त्यो आधारमा जान्छौं । को ठूला को साना भन्ने हुँदैन ।'

मंगलबार यो प्रकरणमा मुछिएका सात जना पक्राउ परेका थिए । त्यसमध्ये मीनबहादुर गुरुङ, सुधीरकुमार शाह, धर्मप्रसाद र गोपाल कार्कीलाई थुनामा राख्न जिल्ला अदालत काठमाडौंले अनुमति दिएको छ ।

गुरुङ भाटभटेनी सुपरमार्केटका सञ्चालक र शाह पूर्वनिर्वाचन आयुक्त हुन् । गौतम र कार्की डिल्लीबजार मालपोत कार्यालयका तत्कालीन कर्मचारीहरू हुन् । तर, बुधबार जिल्ला अदालतमा गुरुङलगायतको पक्षबाट बहस गरेका कानुन व्यवसायीहरूले केहीलाई छाड्ने र केहीलाई थुनामा राख्न नहुने भन्दै जिकिर गरेका थिए ।

यद्यपि, अदालतले उनीहरूलाई प्रहरी हिरासतमा राख्न अनुमति दिएको हो । पक्राउ पर्ने डरले पहिले नै अदालतबाट थुनामा नराख्नेबारे अन्तरिम आदेश लिएको पाइएपछि भने पूर्वसहसचिव कलाधर देउजा, सुरेन्द्रमान कपाली र हुपेन्द्रमणि केसीलाई पनि बयानमा उपस्थित हुनेगरी सिआइबीले छाडेको हो ।

सिआइबीका अनुसार यो प्रकरणमा ४०० भन्दा बढी व्यक्तिलाई पक्राउ गर्ने अनुमति अदालतबाट लिएको दाबी गरेको छ । त्यसमध्ये १७ जनाले अदालतबाट अन्तरिम आदेश लिएको खुलेको छ । तर, सिआइबीले क-कसले अन्तरिम आदेश लिए ? सार्वजनिक गरेको छैन ।

यो प्रकरणमा अख्तियारका पूर्वप्रमुख आयुक्त दीप बस्न्यात, भूमिसुधार मन्त्रालयका पूर्वसचिवद्वय छविराज पन्त र दिनेशहरि अधिकारीकोसमेत संलग्नता देखिएको सिआइबी प्रवक्ता सञ्जयसिंह थापाले जानकारी दिए । फेरि, उनीहरू पक्राउ पर्ने उनको भनाइ छ ।

यसअघि नै अख्तियारले यही प्रकरणको भ्रष्टाचारसम्बन्धी कसूरमा बस्न्यात, पन्त र अधिकारीको संलग्नता देखाउँदै विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरिसकेको छ ।

बस्न्यात र पन्तमाथि अख्तियारले जनही नौ करोड ६५ लाख र अधिकारीमाथि सात करोड आठ लाख रूपैयाँ बिगो माग दाबी गरेको थियो । अख्तियारले २२ माघ २०७६ मा पूर्वसचिवत्रयसँगै पूर्वमन्त्री विजयकुमार गच्छदार, चन्द्रदेव जोशी र डम्बर श्रेष्ठसहित १७५ जनामाथि मुद्दा दायर गरेको थियो । जसमध्ये मन्त्री जोशीबाहेक विशेष अदालतले सबैसँग धरौटी माग गरेको थियो भने बस्न्यातलाई गत मंसिरमा पुर्पक्षका लागि थुनामा पठाउन आदेश गरेको थियो ।

विशेषको आदेशविरुद्ध बस्न्यात सर्वोच्च पुगेका थिए । सर्वोच्चले पाँच लाख धरौटीमा छाड्न आदेश दियो । हाल बस्न्यात छुटेका छन् ।

### के हो ललिता निवासको प्रकरण ?

त्रिताल समितिको प्रतिवेदनअनुसार वि.सं. १९८७ मा ललिता निवास क्षेत्रको जग्गा २८७ रोपनी आठ आना दुई पैसा थियो । पछि नापी गर्दा अझ बढी २९९ रोपनी जग्गा भयो । त्यो जग्गा श्री ३ भीम शमशेरले प्राप्त गरेका थिए । अन्ततः राणाकालको अन्त्यतिर भने कांग्रेस नेता सुवर्ण शमशेरको नाममा यो जग्गा आएको थियो ।

तर, राजा महेन्द्रले प्रजातन्त्र हरण गरेपछि २०१८ मा जग्गा प्राप्ति ऐनअनुसार सुवर्णका २९९ मध्ये १४ रोपनी ११ आना जग्गा सरकारको विरुद्धमा लागेको भन्दै जफत गरेको थियो ।

बाँकी रहेको २८४ रोपनी १४ आना ३ पैसा पनि जग्गा प्राप्ति ऐनअनुसार सरकारले नै अधिग्रहण गऱ्यो । सिआइबी प्रवक्ता सञ्जयसिंह थापा त्यसबेला महावीर भवन, हरिहर भवन ललितपुर, सीता भवन नक्साल, लक्ष्मी निवास महाराजगञ्ज र बबरमहलको कुरिया गाउँ र ललिता निवासको जग्गा अधिग्रहण गरेको र त्यसबापत क्षतिपूर्ति दिएको पाइएको बताउँछन् ।

अधिग्रहण गरिएका सोही जग्गामध्ये कनकशमशेर राणाले सरकारसमक्ष जाहेर गरेर बस्नका लागि २९९ रोपनीमध्येबाट आठ रोपनी जग्गा प्राप्त गरेका थिए । तर, २०४९ सालपछि भने चार चरणमा गरी १४३ रोपनी जग्गा हिनामिना भयो ।

# आज बकरिद मनाइँदै

■ मोहम्मद सदरूल

**विराटनगर–** इस्लाम धर्मावलम्बीहरूले आज महान् चाड बकरिद (इद उल अजहा) मनाउँदै छन् । बकरिद पर्व रमजान अर्थात् इदुलफित्रपछिको दोस्रो ठूलो चाड हो । रमजान पर्वको ७०औं दिनमा मनाउने यो पर्वमा आर्थिकरूपमा सबल मानिसहरू हज गर्न साउदी अरबको मक्का मदिना जाने गर्छन् । यस पर्वमा अल्लालाई खुसी पार्न मुसलमानहरूले धर्मले जायज मानेका जनावरलाई बलि (कुर्बानी) दिने गर्दछन् ।

धार्मिक मान्यताअनुसार अल्लाका नवी (दूत) इब्राहिम अलि सलामले ९० वर्षको उमेरमा पत्नी हाजराबाट प्राप्त गरेको सन्तान छोरा इस्माइललाई कुर्बानी गर्नुपर्ने आदेश पालना गर्न लाग्दा अल्लाह प्रसन्न भएर इस्माइलको कुर्बानीको सट्टा स्वर्ग (जन्नत) मा पालिएका दुम्बाको कुर्बानी गरिएकाले सोहीबमोजिम अहिलेसम्म पशुको कुर्बानी दिने धार्मिक मान्यतालाई मुसलमानहरूले कायम राखेको पाइएको छ ।

नि:सन्तान इब्राहिमले सन्तान प्राप्तिका लागि अल्लासँग मन्नत (दुवा) माग्दै भनेका थिए कि यदि अल्लाहले मलाई सन्तान सुख दियो भने म कुर्बानी गर्छु । सोहीअनुरूप अल्लाहले निजको परीका लागि सपनामा कुर्बानी गर्न आदेश दिँदा उनले धेरै जनावरको कुर्बानी त गरे तर अल्लाह खुसी भएनन् । अन्तममा उनले आफ्ना सबैभन्दा प्यारा छोरालाई नै कुर्बानी गरी अल्लाहलाई खुसी गराउन खोजेपछि उनको परीक्षामा सफल भएकाले कुर्बानी गर्ने स्थानमा मानिसको नभई पालिएका दुम्बाको कुर्बानी दिइएको थियो ।

कुर्बानीको मासु तीन भागमा बाँडी वितरण गरिन्छ । एक भाग गरिब एवं विपन्न परिवारलाई, अर्को भाग आफ्ना इष्टमित्रलाई र अर्को एक भाग आफू खानुपर्ने धार्मिक मान्यता छ । भोलि पर्व मनाउनका लागि मुसलमान समुदायक तयारीमा जुटेका छन् ।

गएको वर्षमा बकरिद पर्व असार २६ गते परेको थियो । इस्लाम धर्मअनुसार प्रत्येक वर्ष अरबी क्यालेन्डरअनुसार १०/१० दिन पछि सर्दै जाने भएकाले ३६ वर्षको अवधिमा सबै चाडपर्वले एक फन्को लगाइसक्छ । यसपटक नेपालबाट एक हजार ४४४ जना हज गर्न साउदीको मक्का पुगेका छन् ।

बकरिद पर्वका निम्ति गरिने कुरबानीका लागि खरिद गरिने जनावर पूर्णरूपमा स्वस्थ हुनुपर्छ । जनावरको आँखा, कान, खुट्टा र सिङ टुटफुट हुनु नहुने र हेर्दा पनि आकर्षक हुनुपर्छ । विनामोलमोलाइ खरिद गरिने भएकाले कुर्बानीका लागि मानिसहरूले सके घरका सबै मानिसहरूको नाममा नभए घरको अभिभावकका नामबाट कुर्बानी गर्ने चलन छ । ठूलो जनावरमा (राँगा, भैँसी, ऊँटजस्ता जनावर) हलाल गरिन्छ त्यसमा सातजना मिलेर कुर्बानी गर्नुपर्छ भने साना जनावरजस्तै, खसी, बहिला बाखा, दुम्बा भने एकै जनाले कुर्बानी गर्नुपर्छ । कतिपय मानिसहरूले मृतात्मा(बुबा, हजुर बुबाआमा, पत्नी वा पति)को सम्झनामा कुर्बानी दिने गर्दछन् । *रासस*


**मोटरसाइकल हराएको सूचना**

मिति २०७९/०७/१४ गते बारा कलैया उ.प.न.पा. वडा नं. २१ घर अगाडि राखिएको अवस्थामा निलो रंगको पल्सर २२० सीसी मोटरसाइकल बागमती प्र.०२-०२९ प १५१९० नं. को च्यासिस नं. MD2A13FXOMCD86543 इन्जिन नं. DKXCMC04680 हराएको हुँदा पाउनु हुने महानुभावहरूले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा खबर गरिदिनु होला ।

**नाम : प्रेम बहादुर तामाङ**
**ठेगाना : ओखेनी-१, रामेछाप**
**फोन : ९८०९१३०७४९**


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

### कम्पनी खारेजी सूचना

यस कार्यालयमा मिति २०७६/०१/२४ मा दर्ता भएको प्रा.लि.नं. २१४५३९/७५/०७६ को **ओरेन्ज सिड प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ उपदफा १ (क) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको **प्रा.लि. नं. १३८५५/०७२/०७३** को **स्वर्णिम नेपाल एग्रिकल्चर डेभलपमेन्ट एण्ड रिसर्च सेन्टर प्रा.लि.** को मिति २०८०/०३/१० मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्विडेटरको कार्यालय नयाँबजार काठमाडौंमा सम्पर्क गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ । अन्यथा तोकीएको म्यादभित्र हक दावी गर्न नआए उक्त कम्पनी दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेजी गरिनेछ ।

**लिक्विडेटर: जगदिश बम, इजाजतपत्र नं. ५५७**
**फोन नं. ९८५१००४४१४, ठेगाना: का.म.न.पा. वडा नं. २९**


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LA COQUETTE LADIES BEAUTY SALON

पुर्व स्वीकृति मिति २०७९/०४/२६ | पुर्व स्वीकृति मिति २०८०/०३/१३ | LT No :269551 | चलानी नं. ६०१८५२२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KWD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 4 | 125 | ५३३५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Salon Worker | 0 | 5 | 125 | ५३३५४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २१ गते (6th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TEAM WEAR SUPPLY SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०७/०३ | पुर्व स्वीकृति मिति २०८०/०३/१३ | LT. No. 274026 | चलानी नं.६०१८९७८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 18 | 0 | 1500 | ४२,१४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २१ गते (6th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**
श्रम ईजाजत नं. ४५१/०६०/०६१
Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4354342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASUKA BINA SDN. BHD.

पुर्व स्वीकृति मिति २०७९/०५/२९ | पुर्व स्वीकृति मिति २०८०/०३/१३ | LT. No. 271813 | चलानी नं. ६०१८७९५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 79 | 0 | 1500 | ४२,१४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PECCA LEATHER SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०४/०६ | पुर्व स्वीकृति मिति २०८०/०३/१३ | LT. No. 267670 | चलानी नं. ६०१८३६७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 0 | 1500 | ४२,१४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २१ गते (6th Jul. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT. LTD**
श्रम ईजाजत नं. ६८४/०६३/०६४
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAAD ABDULLAH ABDULAZIZ AL-MADHI LAND TRANSPORTATION

पुर्व स्वीकृति मिति २०८०/०३/१३ | LT. No. 288449 | चलानी नं. ६०२०३९५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 7 | 0 | 1800 | ६३,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABBAS AHMED LASHAT AUTO EST

पुर्व स्वीकृति मिति २०८०/०३/१२ | LT. No. 288652 | चलानी नं. ६०२०३९५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Lubricants | 3 | 0 | 1200 | ४२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २१ गते (6th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: +977-1-5551901, 5011620, Fax: 977-1-5542407
E-mail: kmpower@wlink.com.np
Website: www.kapeelmanpower.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KTM HOSPITALITY AND SERVICES

पुर्व स्वीकृति मिति २०८०/०३/१३ | LT No.288661 | चलानी नं. ६०२०३९७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 5 | 0 | 2500 | ८९,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Public Administrative | 5 | 0 | 2500 | ८९,५०० | | | | | | | |

कम्पनी : BARAHAT MSHEIREB HOTEL LLC

पुर्व स्वीकृति मिति २०८०/०३/१३ | LT No.288662 | चलानी नं. ६०२०३९७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooker | 1 | 1 | 1800 | ६४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २१ गते (6th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SAAD OVERSEAS PVT.LTD.**
श्रम ईजाजत नं. 1587/079/80
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : WINBOND PROPERTIES SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०४/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१३ | LT. No.269365 | चलानी नं. ६०१८५३८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Housekeeping | 45 | 0 | 1500 | ४२,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २१ गते (6th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BINA FACTORY FOR ADVANCED STEEL PRODUCTS

पुर्व स्वीकृति मिति: २०८०/०३/१२ | LT. No.288581 | चलानी नं. ६०२०३९६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mining worker | 4 | 0 | 1500 | ५२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २१ गते (6th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Ishan Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ५३२/२०६१/०६२
Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273 Fax : +977-1-5547945, E-mail : maniishannepal@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAHM COMPANY FOR THE DELIVRY OF CONSUMER ORDERS

पूर्व स्वीकृति मिति : २०८०/०३/१३ | LT. No.288690 | चलानी नं. ६०२०३९६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 15 | 0 | 135 | ५७,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Motorcycle Driver | 10 | 0 | 135 | ५७,४५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २१ गते (6th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**
श्रम ईजाजत न ७९७/०६५/०६६
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal
Tel.+977-01-4720350, 4720849, 5908112
E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# डेंगु नियन्त्रणमा तदारुकता देखाऊ

**बर्खायाम सुरु भएसँगै संक्रामक रोगहरू फैलिँदो क्रममा छ। देशको पूर्वी क्षेत्रको प्रदेश कोशीमा संक्रामकमध्येमै पर्ने डेंगुको प्रकोप तीव्र गतिमा फैलिरहेको छ।**

**धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पछिल्ला दुई सातामा डेंगु संक्रमितहरूको भीड लाग्न थालेको छ। प्रतिष्ठानको माइक्रोबायोलोजी प्रयोगशालामा गरिएको परीक्षणमा १०० जनाभन्दा बढीमा डेंगु पोजिटिभ देखिएको विवरण सार्वजनिक भइसकेको छ।**

**कोशी प्रदेशको पहाडी जिल्ला संखुवासभामामात्रै १८ जना बिरामी डेंगु संक्रमित छन्। झापा, मोरङ र सुनसरीमा संक्रमण फैलिँदो छ। धनकुटा, पाँचथरलगायत पहाडी जिल्लामा पनि संक्रमितहरू देखिएको स्वास्थ्य संस्थाहरूले जनाएका छन्।**

**चार वर्षअघि धरानमा १० हजार मानिस डेंगु संक्रमित भएका थिए। यस वर्ष पनि तीव्र गतिमा संक्रमण फैलिरहेका कारण फेरि नदोहोरिएला भन्न सकिन्न। त्यही भएर स्थानीय, प्रदेश र संघीय सरकारले नियन्त्रण, रोकथाम र सचेतनासम्बन्धी कदम छिटो अघि बढाउनुपर्छ।**

**किनभने जनस्वास्थ्यविद्हरूका अनुसार डेंगु संक्रमण नियन्त्रणबाहिर जान पनि सक्छ। चार वर्षअघि धरानमा नियन्त्रणबाहिर गएको थियो। अर्थात् स्वास्थ्य संकटकाल घोषणा गर्नुपर्ने स्थिति सिर्जना भएको थियो। यसपटक पनि डेंगु संक्रमणको दर हेर्दा फेरि त्यस्तै अवस्था त आउने होइन ? ढुक्क हुने अवस्था छैन।**

**गत पुसदेखि फागुनसम्म कोशीका विभिन्न जिल्लामा १७ जनामा मात्रै डेंगु संक्रमण देखिएको थियो। जेठ २१ देखि २७ सम्म भने ३२ जनाको स्वास्थ्य परीक्षणमा पाँच जनामा र जेठ २८ देखि असार १ सम्म ४५ जनाको जाँच गर्दा १९ जनामा डेंगु संक्रमण देखिएकै प्रतिष्ठानको तथ्यांक छ। यी तथ्यांकहरूले डेंगुको संक्रमण तीव्र गतिमा फैलिरहेको देखाउँछ।**

**यसले गर्दा डेंगुको सेरोटाइप छिटो गर्नुपर्ने देखिएको छ। सम्भावित संक्रमितहरूको परीक्षण गर्ने किटको पर्याप्त व्यवस्था गर्न विलम्ब गर्नुहुँदैन।**

**सर्वसाधारणलाई पनि संक्रमणबाट जोगिन सचेतना जगाउनुपर्छ। घरवरिपरिको सरसफाइ गर्दै लामखुट्टेको लार्भा र प्युपा नष्ट गराउनुपर्छ। डेंगु संक्रमण गराउने एडिस एजिप्टाई जातिको पोथी मच्छरले जमेको सफा पानीमा फुल पार्ने हुनाले विषादी प्रयोग गरेर नष्ट गराउन स्थानीय स्वास्थ्य संस्थाहरूले सर्वसाधारणहरूलाई जागृत गराउनुपर्छ।**

**यसो गरिए केही हदसम्म डेंगु नियन्त्रणमा आउन सक्छ। होइन, भने महामारीको रूप नलेला भन्न सकिन्न। यसप्रति तीन तहकै सरकारको ध्यान जानु आवश्यक देखिन्छ।**

## मननयोग्य

### चाणक्य नीति

यस्तो अवसर पनि प्राप्त भयो जुन सुनेर राक्षस खुसीले पागलजस्ता भए।

...+ राक्षसलाई एउटा गुप्तचरबाट थाहा भयो कि अघिल्लो पक्षको शुक्लपञ्चमीमा आफ्नो नयाँ बनेको महलमा प्रवेश गर्दैछन्। गुप्तचरले आफूसँगै त्यो महल बनाउने मुख्य कालीगढलाई पनि ल्याएका थिए। राक्षसले मुख्य सिल्पी कालीगढलाई प्रलोभन र राजा नन्दप्रतिको कर्तव्यको वास्ता दिएर त्यो महलको गुप्तचर ढोकावारे जानकारी पाएका थिए। एउटा यस्तो गुफ्त ढोका बारेको जानकारी जुन एउटा सुरुंगका माध्यमबाट टाढा जंगलमा खुल्दथ्यो जुन गुफाबारे चाणक्य र चन्द्रगुप्तलाई पनि जानकारी थिएन। कालीगढले चन्द्रगुप्त र चाणक्यलाई गृहप्रवेशका समयमा भवनको सम्पूर्ण जानकारी गराए। यो सुरुङ आकस्मिक समयमा भाग्न सजिलो परोस् भन्नाका निमित्त सिल्पीले बनाएको थियो।

राक्षसले आफ्ना विश्वस्त योद्धा छानेर भेला गरी कार्यक्रम हुने दिन अगावै त्यो सुरुङका माध्यमबाट महल तलको गर्भगृहमा पुऱ्याएका थिए। गृहप्रवेशको समय पनि आयो। सम्पूर्ण रूपबाट महल सिँगारिएकी नववधुजस्तो चम्किरहेथ्यो, मुख्य सुरक्षा अधिकारीले सबै महलको सुरक्षा ठीक भएको जानकारी चाणक्यलाई दिए। सबैतिरको निरीक्षण भइसकेको थियो तर चाणक्यको चैतन्यले भन्थ्यो अहं म पनि आफैँ महलको निरीक्षण गर्दछु त्यसपछि मात्र गृहप्रवेशको कार्यक्रम हुनसक्छ' भनी सुरक्षा अधिकारी र केही सैनिकहरू साथ लिई फेरि महलको सूक्ष्म निरीक्षण गर्न लागे चाणक्यले। सबैतिर त ठीकै थियो अचानक चाणक्यको दृष्टि महलको तल्लो भागबाट मुखमा अन्नका कणहरू लिई आफ्नो गन्तव्यतिर जाँदै गरेको केही कमिलाको समूहमा पऱ्यो।

चाणक्य सोच्न लागे- 'यो सँगमर्मरको तलामा कहाँबाट अन्न आयो। सबै महल स्वच्छ छ र चमचमाइरहेछ। मस्तिष्कमा एक विचार उत्पन्न हुनासाथ आवेगमा सुरक्षा अधिकारीलाई आदेश दिए महल चारैतिरबाट घेरी यसमा तुरुन्त आगो लगाइदेओ।

आदेशको तुरुन्त पालन भयो ख्यालठट्टैमा महलमा आगाको मुस्लो निस्कदै बल्न लाग्यो। यता चन्द्रगुप्त किंकर्तव्यविमूढ भई चाणक्यपट्टि हेर्दै रिसाइरहेका थिए। यस्तो सुन्दर महल यसरी खरानी बन्दा रिस उठ्नु पनि स्वाभाविकै थियो। चाणक्य भने एउटा किनारामा उभिई अलि-अलि हाँसी रहेथे। (क्रमशः...)

# संघीयताको समर्थन र समीक्षा



▶▶ डा. दीपेन्द्र रोकाया

> नेपालमा अहिल्यै संघीयता सफल भयो वा भएन, संघीयतालाई अगाडि बढाउने कि यही अन्त्य गर्ने भनी किटान गर्ने बेला भइसकेको छैन। २०७२ बाट नेपालको संविधान जारी भएपछि दोस्रो आमनिर्वाचन भएको छ। संविधानमै भएका कतिपय प्रावधानका कारण स्थिर सरकार बन्ने अवस्था भए पनि व्यावहारिकरूपमा कठिन देखिएको छ। राजनीतिक स्थिरता नहुँदा अर्थतन्त्र धराशायी बनेको छ। सत्तामा पुग्ने दलका नेता तथा उच्चपदस्थ कर्मचारीहरूबाट अधिकारको सदुपयोग नहुँदा देशले प्रणालीगत सुधार गर्न सकेको छैन।

मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र ल्याउन कैयौं सपूतहरूले ज्यान दिएका छन्। कैयौं योद्धा जिउँदा सहिद (घाइते र अपांग) का रूपमा बाँचिरहेका छन्। यो वा त्यो रूपमा आम जनसमुदायको योगदान छ। परिवर्तनका लागि हत्केलामा जीवन राखेर अग्रमोर्चामा उभिएका हामीहरू पनि संघीय गणतन्त्रका जिउँदा मातापिता हौं। यसैले संघीय गणतन्त्रबारे नाजायज प्रश्न उठ्न दिनु हुँदैन।

संघीयताका बारेमा बहस हुनुपर्छ, यसको सफल कार्यान्वयनका लागि। तर, केहीले संविधान नै संशोधन गरेर पुरानै राज्य संरचनाको खोजी गर्न थालेको पाइन्छ। यसखाले प्रवृत्तिले जनमानसमा निरन्तर असन्तोष फैलाइरहेको पाइन्छ। उनीहरूले आफ्नो विगत भुलेका छन्। उनीहरूलाई नेपालको यो अवस्था रहनुमा उतिबेलाको राज्य व्यवस्था जिम्मेवार थियो भन्ने कुरा सम्झाइरहनुपर्छ र ?

संघीयता विरोधीहरू भन्छन्- संघीयताले देश टुक्रिन्छ। यो शासन व्यवस्था महँगो भयो। नेपालजस्तो बहुभाषिक, बहुसांस्कृतिक देशमा सफल हुँदैन। नेताहरूले विदेशीको डिजाइनमा संघीयता लादेका छन्। संघीयता ल्याएर पनि विकास त भएन आदि।

द होली सी र प्यालेस्टाइनबाहेक १९३ देश संयुक्त राष्ट्रसंघमा आबद्ध छन्। संयुक्त राष्ट्रसंघमा आबद्ध भएका राष्ट्रहरूमध्ये ३० देशको शासकीय प्रणाली संघीय ढाँचामा छ। सामान्यतया ठूलो क्षेत्रफल भएका रुस, क्यानडा, अमेरिका, ब्राजिल, अस्ट्रेलिया, भारत, अर्जेन्टिना, जर्मनी, दक्षिण अफ्रिकाजस्ता मुलुकहरूले संघीय पद्धति अपनाएका छन् भने क्षेत्रफलमा सानो तर ठूलो सामाजिक विविधता रहेको नेपालजस्तै सेन्ट किट्स एण्ड नेभिस, माइक्रोनेसिया, कोमोरसजस्ता देशले पनि संघीय व्यवस्था लागू गरेका छन्। संघीय राज्यहरूले संसदीय, राष्ट्रपतीय तथा मिश्रित शासन प्रणाली अपनाएका छन्।

देशलाई संघीय एकाइमा रूपान्तरण गरी शक्ति बाडफाँटको सिद्धान्तअनुरूप राज्यसत्ता सञ्चालन गर्ने राजनीतिक पद्धतिलाई संघीयता भनिन्छ। यसले मुलुकको भौगोलिक अखण्डता र विविधतालाई समेट्ने काम गर्छ। शक्ति बाडफाँटचाहिँ राज्य शक्तिको समुचित वितरण गर्ने विधि हो। यो केन्द्रीकृत राज्य शक्तिलाई हरेक संघीय एकाइमा विकेन्द्रीकरण गर्ने प्रणाली हो। संघीयता संवैधानिक रूपमा स्थापित, स्वशासन र साझा शासनको मिलन बिन्दु हो।

संघको अर्थ सन्धि वा सम्झौता भन्ने हुन्छ। संघीय राज्य दुई वा दुईभन्दा बढी संघीय एकाइहरू मिलेर बनेको हुन्छ। हामीले प्रदेश भन्ने गरेका छौं। यसलाई अरु देशमा राज्य, प्रान्त, क्षेत्र, क्यान्टोनका नाममा प्रयोगमा ल्याएका छन्। विश्वको करिब ४५ प्रतिशत जनसंख्या ओगटेका मुलुकहरू संघीय ढाँचामा रूपान्तरित भएका छन्।

संघीयता लागू भएका मुलुकहरू अर्जेन्टिना, अस्ट्रेलिया, अष्ट्रिया, बेल्जियम, बोस्निया, हर्जगोभिना, ब्राजिल, क्यानडा, कोमोरोस, कङगो, इथियोपिया, जर्मनी, भारत, इराक, मलेसिया, मेक्सिको, माइक्रोनेसिया, नाइजेरिया, नेपाल, पाकिस्तान, पपुवा न्यू गिनी, पलाउ, रुस, सेन्ट किट्स एण्ड नेभिस, दक्षिण अफ्रिका, स्पेन, सुडान, स्वीट्जरल्यान्ड, संयुक्त अरब इमिरेट्स, संयुक्त राज्य अमेरिका र भेनेजुएला हुन्।

जानकारहरू भन्छन्- भूगोल र जनसंख्या सानै भएपनि बहुसांस्कृतिक, बहुजातीय, बहुभाषिक, क्षेत्रीय विविधतायुक्त, साम्प्रदायिक बहुराष्ट्रियता भएका राज्यहरूमा व्यवस्थित र स्वस्थ राजनीतिक समाज निर्माण गर्न संघीयता चाहिन्छ। नेपालभन्दा एक तिहाइ सानो स्वीट्जरल्यान्डमा २६ क्यान्टोन रहेका छन्। संघीयताले देश टुक्र्याउँछ भन्ने हल्ला सही होइन। बरु स्रोतको पहिचान र परिचालन गर्न सिकाउँछ। यसले आफ्नो ठाउँको प्राथमिकता, स्रोतको व्यवस्थापन आफैं गरेर विकास र समृद्धिको नेतृत्व गर्न लगाउँछ।

विभिन्न तथ्यहरूले बताउँछ, राज्य सानो हुँदा विदेशीले खाइदिने डर हुन्छ। राज्य ठूलो हुँदा आन्तरिक तनावले ध्वस्त हुने डर हुन्छ। यो दुवै शंकाको लाभ लिन संघीयतामा जाने गरिन्छ। भूगोल र जनसंख्या सानै भए पनि बहुसांस्कृतिक, बहुजातीय, बहुभाषिक, क्षेत्रीय विविधतायुक्त, साम्प्रदायिक बहुराष्ट्रियता भएका राज्यहरूमा पैदा भइरहने आन्तरिक तनावको व्यवस्थापन गरी एक व्यवस्थित र स्वस्थ राजनीतिक समाज निर्माण गर्न संघीयता चाहिन्छ भन्ने देखिन्छ।

नेपालमा गोर्खा राज्यको विस्तार तथा त्यसपछिका शासकहरूले गरेका अन्यायपूर्ण तथ्यले संघीयताको खोजी गर्न बाध्य बनाएको हो। कर्णाली र सुदूरपश्चिमले यसअघि कहिल्यै आफ्नो देशबाट अभिभावकत्व पाएको अनुभव गर्न पाएन। तराईका थारु, पश्चिमका मगर, उपत्यका आसपासका तामाङ, पूर्वका राई लिम्बूले आफ्नो पहिचान मेटिँदै गएको अनुभव गरेका थिए। मधेसका मधेसीको पनि त्यही हालत थियो। हिन्दू वर्णाश्रम व्यवस्थाले दलित समुदायले आँखा जुधाएर बोल्ने अवस्था थिएन।

केबल शासकहरूले आफ्नो सत्तालाई जोगाउन अरुको इतिहास र आवाज दबाउने, संस्कृति र परम्परा परिमार्जन गर्ने तथा स्रोत र अवसरको केन्द्रीकरण गरेका थिए। व्यक्तिवादी राष्ट्रियगान र नेपालको इतिहास भन्दै काठमाडौं र गोर्खा राज्यको मात्रै इतिहास पढाउने गरे। यस प्रवृत्तिले राज्यसत्ताबाटै यो देश मेरो पनि हो भन्ने भाव घटाइरहेको थियो।

यही क्रममा पहिचानहरूको संयोजन गर्दा कर्णाली, सुदूरपश्चिम, मधेसी, मगर, थारू, तामाङ र किरातीले स्वायत्त शासन प्राप्त गर्ने चाहना राखेका हुन्। संविधानविद्हरूले पहिचान र सामर्थ्यका आधारमा प्रदेशहरू बनाउँदा धेरै समुदायका माग पूरा हुन सकेन। यसैले अहिले पनि पूर्वमा असन्तोषको मशाल बलिरहेको छ।

संघीयताले युगोस्लाभिया टुट्यो भन्नेहरू पनि छन्। हरेक क्यान्टोनलाई चाहेका बेला आत्मनिर्णयमा जाने अधिकार हुँदाहुँदै पनि स्विट्जरल्यान्ड किन टुटेन ? भनी हेर्न सक्नुपर्छ। टुटफुट संघीयताले नभई, साम्प्रदायिक राष्ट्रियताहरूको न्यायोचित सम्बोधन नगरिँदा विखण्डन हुने डर बढी हुन्छ। भारत ठूलो राज्य छ तर संघीयता भएकै कारण विखण्डनको जोखिमबाट हालसम्म बचेको छ। अमेरिका संघीयतामा जुटेकैले शक्तिशाली भएको हो।

धेरैलाई संघीयता खर्चिलो भएको लाग्छ, तीन तहका करको भार बढेकाले। नेपाली राज्यले धान्न सक्दैन कि भन्ने लाग्नु स्वाभाविकै हो। हिजो जन्मदैका जर्नेल कर्नेल पालेको तथ्य बिर्सेका छौं। यो अहिलेका जनप्रतिनिधिले जनताप्रति जवाफदेही हुनेगरी शपथ खाँदा पनि आफ्नै नजिकका मान्छे देख्दा पत्याउन नसकिएको मात्र हो।

संघीयता खारेज गर्दा प्रशासन व्यवस्था सस्तो हुन्छ र ? यसबाट सेवाप्रवाह र स्वायत्ततामा कस्तो असर पर्छ भन्ने हेर्नुपर्छ। राजनीतिक प्रतिनिधित्वले संघीयता बोझ भएको मान्ने हो भने प्रतिनिधित्वको संख्या घटाउन सकिन्छ। कर्मचारीतन्त्र बोझ भएको हो भने 'स्लिम एडमिनिस्ट्रेसन' बनाउन सकिन्छ।

करिब ३२ सय वर्षअघिको स्वीट्जरल्याण्ड हेर्दा स्वीज, यूरी र अन्टरल्याण्ड राज्यहरू मिलेर बनाइएको महासंघीय ढाँचाको थियो। स्वीट्जरल्याण्डलाई विश्वको प्राचीन इतिहासमा पहिलो संघीय राज्यको रूपमा लिइन्छ। यसैबाट प्रभावित भएर जर्मनीका विद्वान जोहानेस अल्थुइस (१५५७-१६३८०) ले संघीयताको वकालत गरेका थिए।

एकात्मक राज्यले आफ्नो शासन प्रणालीलाई समावेशी, सन्तुलित र सहभागीमूलक बनाई देशको अखण्डता कायम राख्न तहगत संरचना निर्धारण गरी निश्चित अधिकार प्रत्यायोजन गरेर बनाइने संघीय प्रणालीलाई स्वायत्ततामा आधारित मोडल भनिन्छ। नेपालको संघीयता यही मोडेलमा बनेको हो।

सोह्रौं शताब्दीको अन्त्यदेखि बेलायतले संसारका अधिकांश भूभागमा उपनिवेश कायम गऱ्यो। औद्योगिक क्रान्तिसँगै विस्तारवाद पनि फैलियो। फलस्वरूप बेलायत विश्वमा कहिल्यै घाम नअस्ताउने देशको रूपमा देखापऱ्यो। त्यसबेला बेलायतले अहिलेको अमेरिका, भारत, पाकिस्तानलगायत करिब ९० वटा देशमाथि शासन गरेको थियो।

विश्वमा संघीयता पनि यसै पृष्ठभूमिबाट जन्मेको हो। जहाँ विभेद, शोषण, नागरिकहरू बीचमा वर्ग, जाति, रंग विभेदले गर्दा संघीयताको जन्म हुन गयो। सन् १७७६ देखि १९८३ सम्म अमेरिकामा स्वतन्त्रता संग्राम भयो। यो संग्राम ब्रिटिस उपनिवेशको विरुद्धमा थियो। तत्कालीन ब्रिटिस शक्तिलाई परास्त गर्न अमेरिकाका १३ वटा राज्य एक भई संयुक्त राज्य अमेरिका बनाउने निर्णय गरे। यसैलाई आधुनिक इतिहासमा अमेरिकालाई पहिलो संघीय राज्य मानिन्छ।

नेपालको संघीयताले राजनैतिक द्वन्द्वको व्यवस्थापन गरेको छ। तर, अधिकार प्रत्यायोजन गर्दा स्थानीय तहदेखि नै देखिएका भ्रष्टाचार, दण्डहीनता, जवाफदेही नहुनु, विकास निर्माण चुस्त नहुनु, विधिको शासन कमजोर हुनु, सुशासन कायम गर्न नसक्नु, राजनीतिमा योग्यभन्दा नातावाद र कृपावाद हावी हुनुले जनतामा संघीयताप्रति निराशा पैदा भएको छ। केही अध्ययनहरूले यही संकेत गरेको पाइन्छ।

नेपालमा सात राजनीतिक दल र र माओवादीबीच २०६२ मंसिरमा १२ बुँदे सम्झौता भयो। यो सहमतिले जनयुद्धको जगमा जनआन्दोलन सफल पार्ने आधार बनाएको थियो। यसैमा टेकेर २०६३ मंसिर ५ मा विस्तृत शान्ति सम्झौता भयो। विसं २०६४ मा भएको मधेस आन्दोलनले मूर्त रूप दिन लगायो। संविधानसभाले देशलाई संघीयतामा पुऱ्यायो।

सुरुमा खुलेर स्वागत गरिएको संघीयताप्रति नेपालमा अहिले विरोधका आवाज सुनिन थालेका छन्। पुरातन सोच राख्नेहरूले धेरैले अधिकार पाएको देखेर छटपटाएको पाइन्छ। संविधानविद् भीमार्जुन आचार्यका अनुसार संघीय व्यवस्था नराम्रो नभएको तर त्यसलाई हाँक्ने शासकमा भएका मानवीय कमजोरीले संघीय व्यवस्था नै नराम्रो भएको अवस्था सिर्जना गरेको छ। व्यवस्था परिवर्तन भएपनि जनताको अवस्थामा केही सुधार नहुँदा संघीयतामाथि प्रश्न उठाउन थालिएको छ।

नेपालमा अहिल्यै संघीयता सफल भयो वा भएन, संघीयतालाई अगाडि बढाउने कि यही अन्त्य गर्ने भनी किटान गर्ने बेला भइसकेको छैन। २०७२ बाट नेपालको संविधान जारी भएपछि दोस्रो आमनिर्वाचन भएको छ। संविधानमै भएका कतिपय प्रावधानका कारण स्थिर सरकार बन्ने अवस्था भए पनि व्यावहारिकरूपमा कठिन देखिएको छ। राजनीतिक स्थिरता नहुँदा अर्थतन्त्र धराशायी बनेको छ। सत्तामा पुग्ने दलका नेता तथा उच्चपदस्थ कर्मचारीहरूबाट अधिकारको सदुपयोग नहुँदा देशले प्रणालीगत सुधार गर्न सकेको छैन।

प्रदेशको मुख्यमन्त्री, सभामुख, मन्त्रीसमेत भइसकेकाहरूले पनि संघले तल्लो तहमा अधिकार दिन चाहिरहेको छैन भनिरहेका छन्। यसो त संघले अधिकार नदिएको गुनासोमात्रै गरेर संघीयता कार्यान्वयनमा आउन सक्तैन। हरेक तहका नेतृत्वमा कार्य क्षमता हुनै पर्दछ। यहाँ कुनै पनि पदमा पुग्नेबित्तिकै जानीहाल्ने सुत्र छैन। तर, अझै आवश्यक कानुन बन्न नसक्नु, प्रदेश र स्थानीय तहलाई दिइएका एकल अधिकार कार्यान्वयनमा नीतिगत बाधा देखिनु तथा संघले समयमै फुकुवा नगर्नु, आर्थिक तथा भौतिक विकासभन्दा राजनीतिक खिचातानीमा धेरै समय लगाउनु आलोचना गर्ने विषय पक्कै हुन्। राजनीतिक व्यवस्था फेरिएसँगै नेपालमा चेतनास्तरको विकास भएको छ। तल्लो तहसम्म नेतृत्वको विकास हुनु, स्थानीय तहको स्रोत र साधनको पहिचान र परिचालनमा स्थानीय जनताको सहभागिता हुनु, समावेशीअन्तर्गत सकारात्मक विभेदले पछाडि पारिएका वर्ग मूलधारमा आउनुजस्ता अनगिन्ति सकारात्मक परिवर्तन छन्।

कर्णाली, सुदूरपश्चिम र मधेसमा यसअघि पनि राज्य थियो, तर यति धेरै राज्य स्रोत गएको थिएन। यसबाट धेरै काम पनि हुँदै छन्। संघीयता हरेक नागरिकको अधिकार सुनिश्चित गर्ने प्रणाली हो। नेपालजस्तो भूगोल र अर्थतन्त्रले सानो मुलुकको लागि संघीयता खर्चालु व्यवस्था पक्कै हो। तर, यसले ल्याउने परिवर्तन र आफ्नो लागि आफैं स्रोत पहिचान र परिचालन गर्ने कुराले विकास र समृद्धि निर्धारण हुने गर्दछ।

यसैले संघीयताको सफलता र असफलता अख्तियार प्राप्त जनप्रतिनिधि र सरोकारवालाको कार्य कुशलततामा भर पर्दछ। यस व्यवस्थाका खराबी हटाउँदै संघीयताको रक्षा र विकास गर्नु आजको आवश्यकता हो। *रासस*

*(लेखक नेपाल विकास अनुसन्धान प्रतिष्ठानका सदस्य हुन्)*

## पत्र–मञ्जुषा

# आत्मनिर्भर बन्नुपर्ने देश के कारण भयो परनिर्भर ?

कुनै बेला नेपाल सरकारले कतिपय देशलाई अनुदानमै अन्न दिने गरेको थियो। त्यतिबेला नेपालले केही पनि आयात गर्नुपर्दैनथ्यो। लुगा पनि नेपालमै उत्पादन गरिन्थ्यो। आफ्नो आवश्यकता आफ्नै उत्पादनबाट परि पूर्ति हुँदै आएको थियो। नेपाल सरकारलाई विदेशी ऋण लिनुपर्ने आवश्यकता थिएन।

अधिकांश कृषि पेसामा जोडिएको भएकाले कोही बेरोजगार थिएनन्। बिहानदेखि बेलुकासम्म आफ्नै खेतमा मलजल गर्नेलाई रोग पनि लाग्दैनथ्यो। उनीहरू जति थियो त्यतिमै सन्तुष्ट थिए। व्यापार घाटा थिएन। विषादीयुक्त सामान किनेर खानुपर्ने बाध्यता नभएकाले धेरै हृष्ठपुष्ट थिए। जे भए पनि मुलुक आत्मनिर्भर थियो। तर, अहिले परिस्थिति ठ्याक्कै उल्टो बनेको छ। विदेशी ऋण दिनहुँ बढिरहेको छ। एउटै नेपालीको टाउको ८० हजार रूपैयाँ विदेशी ऋण पुग्न थालिसकेको छ।

यता, व्यापार घाटा पनि ह्वात्तै बढेको छ। हुन त हामी नेपाली हौं भन्छौं। नेपाली नागरिकता बोक्छौं, नेपाली टोपी लगाउँछौं। तर, हाम्रो भान्सामा पाक्ने हरेक खाद्यान्न विदेशी मुलुकबाट आयात भइरहेको छ। चामल, तेल, गेडागुडी, दाल, पिठोलगायत सबै खानेकुरा नेपालले आयात गर्छ। त्यही किनेर बिहानबेलुका उपभोग गरिरहेका छौं। अनि हामी नेपाली हौं भनेर गर्व गरिरहेका हुन्छौं। के आधारमा आफूलाई नेपाली भन्ने ? अरु देशले खाद्यान्न बिक्री गर्न छोड्यो भने नेपाली भोकभोकै मर्छन्।

बाहिरबाट आयात गरेको खाद्यान्न खानलायक पनि छैन। विषादीयुक्त खानेकुराहरू आयात भइरहेका छन्। जसले गर्दा नेपालीलाई विभिन्न थरीका रोगले च्यापेको छ। एकातिर मँहगो मूल्य तिरेर सामान किन्नुपर्ने अर्कोतिर त्यही खाएर बिरामी हुने। विषादीयुक्त खाद्यान्न बेचेर अन्य मुलुकले नेपालीलाई बिरामी पारेको छ। यता, उपचारको नाममा पनि नेपाली पैसा धमाधम आफ्नो मुलुक भित्र्याइरहेका छन्। नेपालमा कृषियोग्य जमिन नहुँदा धेरै बेरोजगार बनेका छन्।

नेपालीलाई विलासीपूर्ण जिन्दगी जिउने बानी परिसकेको छ। छोटो दूरीमा यात्रा गर्न पनि सवारीसाधनको प्रयोग हुन्छ। तर, त्यो सवारीसाधन कुन मुलुकले बनाएको हो ख्याल गरिँदैन। यता, पेट्रोल पनि खरिद गर्नुपर्ने बाध्यता छ। नेपालमै पेट्रोल उत्पादन हुँदैन। अहिलेसम्म भारतबाट किनेर सवारीसाधन चलाइरहेका छौं। भारतले इन्धन नबेच्ने भनेर घोषणा गरिदियो भने ती सबै सवारी घरघरमा थन्किन्छन्। सवारीसाधन र इन्धन दुवै बेच्ने भारत।

हरेक सामान बाहिरबाट आयात गर्नुपरेको छ। सरकारसंग भूमि जोगाउने र नेपालीलाई कृषि पेसामा आबद्ध गर्ने कुनै रणनीति छैन। जनता बिहानबेलुका छाक टार्न अरुको मुख ताक्नुपर्छ भने सरकारको के काम ? सरकारले खेतीयोग्य जमिन मासेर घर बनाउन दियो। धमाधम बाटो बनाइयो। उब्जनी हुनलाई त माटो चाहियो नि। माटोमाथि ढलान हालेपछि खेती गर्न मिलेन। सरकारले बेलैमा सोचविचार नगर्दा नेपालीहरू भोकभोकै मर्नुपर्ने अवस्था सिर्जना हुनसक्छ।

***– राजु मानन्धर, कीर्तिपुर***

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# स्थानीय तहको प्राथमिकतामा पर्यटन क्षेत्र



■ कृष्ण न्यौपाने

**दमौली–** तनहुँका स्थानीय तहले पर्यटन क्षेत्रलाई प्राथमिकता दिएका छन् । यहाँका स्थानीय तहले आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा पर्यटनलाई प्राथमिकता दिँदै पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार निर्माण गर्ने नीति अवलम्बन गरेका हुन् ।

आँबुखैरेनी गाउँपालिकाले अग्लो झोलुंगे पुलमा बञ्जी जम्पको सम्भाव्यता अध्ययनदेखि जलपर्यटनसम्मका योजना अगाडि सारेको छ। आँबुखैरेनी-१ समस्तीपुरमा खुदीखोलामाथि नेपालकै अग्लोमध्येको झोलुंगे पुलमा बञ्जी जम्पको सम्भाव्यता अध्ययनका लागि गाउँपालिकाले आगामी आवका लागि बजेट विनियोजन गरेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिए । समुद्र सतहबाट २७० मिटर उचाइमा अवस्थित उक्त पुललाई केन्द्रबिन्दुमा राखेर पर्यटकीय गतिविधि सञ्चालन गर्ने उद्देश्यअनुरूप बञ्जी जम्पको सम्भाव्यता अध्ययन गरिने चुमानको भनाइ छ ।

पृथ्वी राजमार्गअन्तर्गत बरादीदेखि साढे दुई किलोमिटर दूरीमा अवस्थित उक्त पुलले पछिल्लो समय पर्यटकको ध्यान खिचेको छ । सामाजिक सञ्जालदेखि टिकटकबाट उक्त पुलको प्रचार भएपछि यहाँ पुग्ने पर्यटकको संख्या बढ्दो छ । गण्डकी प्रदेश सरकारको पूर्वाधार विकास कार्यालयमार्फत वि.सं. २०७७ मा उक्त पुल निर्माण गरिएको हो । 'डी' टाइपको उक्त पुलको लम्बाइ २२० मिटर छ। सो पुलमा एकैपटक ४७५ पदयात्री आवतजावत गर्न मिल्छ । बाबिरो/प्रमिला जेभीले उक्त पुलको निर्माण गरेको हो ।

पुल पर्यटकीय गन्तव्यका रूपमा विकास हुन थालेपछि गाउँपालिका यसको प्रवर्द्धनमा जुटेको छ । झोलुंगे पुललाई केन्द्रित गरेर गाउँपालिकाले पर्यटन विकासका योजना अगाडि बढाएको गाउँपालिकाका अध्यक्ष चुमानले जानकारी दिए । उनले भने, 'हामीलाई जानकारी भएसम्म नेपालको सबैभन्दा अग्लोमध्येको झोलुंगे पुल हो भन्ने छ, यो पुललाई केन्द्रित गरेर पर्यटनका योजना बनाउँदै छौं ।' पर्यटन प्रवर्द्धनका निम्ति झोलुंगे पुलसम्म आउने बाटो स्तरोन्नति गर्न लागिएको उनले बताए । साथै झोलुंगे पुलमा आधारित रहेर साहसिक खेल सञ्चालन गर्ने योजना बनाइएको उनले बताए ।

उनले भने, 'यहाँ बञ्जी जम्पका साथै जिपलाइन सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरेर डिपिआर बनाउँदै छौं, यो एउटा नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकास हुने निश्चित छ ।' उनका अनुसार झोलुंगे पुल घुम्न आउने पाहुनालाई लक्षित गरी नजिकै रहेको गुरुङ बस्ती गिरानचौरलाई पर्यटकीय गाउँ बनाउने काम भइरहेको छ । त्यसका लागि चालु आवमा ३० लाख रूपैयाँ बजेट विनियोजन गरिएको थियो । 'राजमार्गबाट नजिकै रहेको झोलुंगे पुल घुम्न आउने पाहुनालाई गुरुङबस्तीसम्म लैजान सकिए त्यहाँका स्थानीयको जीविकोपार्जनको माध्यम बनाउन सकिन्छ,' चुमानले भने, 'बिदा र शनिबारका दिन अन्य दिनभन्दा बढी पर्यटकको चहपहल हुन्छ ।' गाउँपालिकाले मर्स्याङ्दी जलविद्युत् आयोजनाको बाँधमा जलपर्यटन सञ्चालन गर्ने नीति लिएको छ । त्यसका लागि १० लाख रूपैयाँ बजेट विनियोजन गरिएको छ । यहाँ मोटरबोट सञ्चालन गरी स्थानीयवासीको जीविकोपार्जनमा सहयोग पुऱ्याउने लक्ष्य लिइएको छ ।

त्यस्तै, आँधीमूलको पर्यटनका लागि २० लाख रूपैयाँ र छिम्केश्वरी पर्यटनका लागि ५० लाख रूपैयाँ बजेट विनियोजन गरिएको अध्यक्ष चुमानले जानकारी दिए । हिलेखर्क र मिलनचौरलाई पर्यटकीय नमूना गाउँको रूपमा विकास गर्न घरबास कार्यक्रम सञ्चालन गरिने नीति लिइएको चुमानको भनाइ छ । गाउँपालिकाले ऐनापहरामा ढुंगामा भगवानका आकृति खोप्ने काम गरिरहेको छ । पृथ्वी राजमार्गबाट नजिकै रहेको ऐनापहरालाई पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास गर्न यहाँका ढुंगामा आकृति खोप्ने काम अन्तिम चरणमा पुगेको छ ।

गाउँपालिकाले झोलुंगे पुल नजिकै रहेको आँधीमूलको पर्यटन प्रवर्द्धन गर्ने काम गरिरहेको छ। त्यसका लागि यहाँ कृत्रिम ताल निर्माण गर्ने योजना अगाडि सारिएको छ ।

अध्यक्ष चुमानले भने, 'आँधीमूल पर्यटकीय धार्मिकस्थल हो, २० मिनेटको दूरीमा रहेको आँधीमूलमा कृत्रिम ताल बनाउँदै छौं, झोलुंगे पुल र आँधीमूलको सही व्यवस्थापन गर्न सकिए यहाँका स्थानीयवासीको आर्थिक विकासका निम्ति महत्वपूर्ण भूमिका खेल्नेछ ।'

यस्तै, व्यास नगरपालिकाले पर्यटकीय गन्तव्यलाई जोडेर टाकुरा पर्यटन सञ्जालको निर्माणलाई प्राथमिकता दिएको छ। नगरभित्र रहेका महर्षि वेदव्यासको १०८ फिट अग्लो मूर्ति निर्माण, व्यास गुफा र पराशर ऋषिको तपोभूमि पराशर क्षेत्र जोड्ने पुलमा व्यास झुला निर्माण, ऐतिहासिक तनहुँसुर दरबार क्षेत्र, भगवती पानी, छाब्दी बराह, मानुङकोट, गलेखाम कोट, कालिका सहिद जंगल पार्क, क्यामिन कालिका, खड्कादेवी मन्दिर, अकला मन्दिर, कर्लुङकोट, ओम सिद्धेश्वरी राजापानी महादेव लगायतका टाकुरा एवं मन्दिरको संरक्षण एवं संवर्द्धन गर्न र टाकुरा पर्यटन सञ्जालको नीति अवलम्बन गरिएको नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताए ।

तनहुँसुर क्षेत्रलाई केन्द्रबिन्दुमा राखेर भानु शान्ति निकुञ्जबाट तयार पारिएको पर्यटन गुरुयोजनालाई क्रमशः कार्यान्वयन गरिने र गुरुयोजनामा प्रस्ताव गरिएको १० वर्षे दीर्घकालीन सोच एवं अवधारणाअनुसार तात्कालीन, अल्पकालीन र मध्यकालीन कार्यक्रमलाई नीति तथा कार्यक्रममा समावेश गरिएको न्यौपानेले उल्लेख गरे । व्यास-१० दुम्सीचौरमा पर्यटकीय प्रवर्द्धनका लागि नारेश्वर ताल निर्माण कार्यलाई निरन्तरता दिँदै पृथ्वी राजमार्गको विस्तारले ऐतिहासिक घाँसीकुवा र घाँसी पार्कमा आएको संकटलाई सम्बद्ध पक्षको सहकार्यमा व्यवस्थित गरिने उनको भनाइ छ ।

यस्तै, शुक्लागण्डकी नगरपालिकाले पर्यटकीय क्षेत्रलाई संघीय र प्रदेश सरकारसँगको समन्वयमा पर्यटकीय स्थल पहिचान, संरक्षण तथा निर्माणको नीति लिएको छ। नगरभित्र रहेका सम्पूर्ण पर्यटकीय स्थल तथा पार्क व्यवस्थित गर्नका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरिने नगर उपप्रमुख खुमबहादुर विकले जानकारी दिए ।

भानु नगरपालिकाले भानुभक्त आचार्यको पूर्णकदको प्रतिमा खडा गर्नाका साथै भानु साहित्यिक उद्यानका रूपमा विकास गर्ने नीति लिएको छ । 'भानु जन्मस्थल जाउँ, भानुलाई चिनाऔं' नाराका साथ नेपालको गौरव नेपाली भाषीहरूको पौरखलाई सार्थकता दिन भानुको पूर्णकदको प्रतिमा निर्माणका लागि देश तथा विदेशस्थित दातृ निकाय, प्रदेश र संघ सरकारसँग समन्वय गरिने नगरप्रमुख आनन्दराज त्रिपाठीले बताए ।

पहाडकी रानी नामले परिचित बन्दीपुर गाउँपालिकाले आगामी आवमा 'सभ्य समाजको गाउँ : बन्दीपुर घुम्न जाउँ' अभियान सञ्चालनको तयारी गरेको छ । बन्दीपुरको पर्यटनलाई विश्वसनीय, भरपर्दो र आकर्षक बनाउन विभिन्न प्रवर्द्धनका कार्य प्राथमिकताका साथ अगाडि बढाइने गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले बताए । बन्दीपुर आन्तरिक तथा बाह्य पर्यटकको गन्तव्यस्थलका रूपमा विकास भइरहेको र यसको थप प्रचारप्रसार गरी धेरैभन्दा धेरै पर्यटक भित्र्याउने योजना बनाइएको उनले बताए ।

थापाले भने, 'आगामी आवमा बन्दीपुर घुम्न जाउँ भन्ने अभियानलाई सफल बनाउन प्रचारप्रसारमा जोड दिन्छौं ।' बन्दीपुरलाई पर्यटकीय केन्द्र बनाइने र त्यसका लागि पूर्वाधार निर्माणमा जोड दिइने अध्यक्ष थापाले बताए । सो गाउँपालिकाका छवटै वडामा रहेका पर्यटकीय गन्तव्यलाई विकास गरिने नीति लिइएको उनले बताए । उनका अनुसार देशका मुख्य सहर काठमाडौं, पोखरा, बुटवल र विराटनगरमा बन्दीपुर घुम्न जाउँ अभियानसम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ । उनले भने, 'पर्यटकीयस्थलको संवर्द्धन र प्रवर्द्धन गरी गाउँपालिकालाई पर्यटनका माध्यमबाट समृद्ध बनाउने सोच राखिएको छ ।'

अध्यक्ष थापाले गाउँपालिकाभित्र रहेका होमस्टेको विकास, पर्यटकीय लक्षित उत्पादनलाई प्राथमिकतामा राखिएको बताए । गाउँपालिकाभित्र जिप फ्लायर र रक क्लाइम्बिङको सम्भाव्यता अध्ययन गरिने उनको भनाइ छ । पर्यटकीय नगरी बन्दीपुर भित्रिने पर्यटकको लगत राख्न पर्यटन सूचना केन्द्र स्थापना गरिने अध्यक्ष थापाले बताए । होमस्टको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गरी होमस्टे सर्किटको विकास गर्ने नीति लिइएको थापाको भनाइ छ । *रासस*

# स्याङ्जाका सबै पालिकामा स्थानीय पाठ्यक्रम

**गल्याङ (प्रस)–** स्याङ्जाका नौवटै स्थानीय तहले स्थानीय पाठ्यक्रम निर्माण गरेर पठनपाठन सुरु गराएका छन् । भिरकोट नगरपालिकाले २०७७ सालमा स्याङ्जामा पहिलोपटक स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरेर पठनपाठन सुरु गरेको थियो ।

हाल भिरकोट नगरपालिका, वालिङ नगरपालिका र चापाकोट नगरपालिका तथा फेदीखोला, बिरुवा र कालीगण्डकी गाउँपालिकामा कक्षा १ देखि ८, पुतलीबजार नगरपालिकामा कक्षा १ देखि ३ सम्म पाठ्यक्रम निर्माण गरेर पठनपाठन सुरु गरिएको छ ।

हरिनास गाउँपालिकामा कक्षा १ देखि ८, अर्जुनचौपारीमा कक्षा १ देखि ५, आँधीखोला गाउँपालिकामा कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम निर्माण गरेर पठनपाठन सुरु गरिएको छ । यी पालिकाहरूले पाठ्यपुस्तक निर्माण गर्ने तयारी गरेका छन्। गल्याङ नगरपालिकाले कक्षा १ देखि ८ सम्मको पाठ्यक्रम निर्माण गरेर आंशिक रूपमा पठनपाठन गराएको छ ।

स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय सरकारले आफ्नो क्षेत्र अधिकारभित्रका आवश्यक विषयवस्तु समेटेर पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरेर पठनपाठन गर्नसक्ने निर्देशिका जारी भएपछि स्थानीय तहलाई स्थानीय पाठ्यपुस्तक निर्माण गर्ने बाटो खुलेको हो । तत्कालीन स्थानीय सरकारले २०४९ सालमा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरेर पठनपाठन गराउने अधिकार स्थानीय तहलाई दिए पनि लागु हुन नसकेको संस्कार, संस्कृति र अनुसन्धानको क्षेत्रमा काम गरिरहेको संस्था साभ नेपालका अध्यक्ष डा. तुल्सीप्रभास खनालले बताए ।

स्थानीय पठचक्रममा स्थानीय तहरूले पालिकाभित्र रहेका विभिन्न भाषा, धर्म, संस्कार, संस्कृति, कृषि, पर्यटन, कला, वन, जडीबुटी, सम्पदा सहितका विषयवस्तु समेटेका हुन्छन् । यद्यपि स्याङ्जाका स्थानीयतहले सरोकारवाला, विज्ञहरूकोसहयोगमा आवश्यकताका आधारमा पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरेका छन् ।

फेदीखोला गाउँपालिकाका शिक्षा शाखाप्रमुख रामचन्द्र गुरुङले मातृभूमि चिनाउने उद्देश्यसहित आफ्नो गाउँपालिकामा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरेर बालबालिकालाई पठनपाठन गराइरहेको जानकारी दिए ।

कालीगण्डकी गाउँपालिकाका प्रमुख खिमबहादुर थापाले लक्षित समूहले मात्र नभएर ठूला कक्षाका विद्यार्थी, अभिभावक र शिक्षकले समेत स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक पढ्ने गरेको बताए । उनले भने, 'विद्यार्थीलाई जिल्लाबाहिर भ्रमण गराउन छाडेर पालिकाभित्रकै विभिन्न सम्पदाको भ्रमण गराउने गरेका छौं, फलस्वरूप बालबालिकाले गाउँपालिकालाई राम्रोसँग बुझ्न पाएका छन् ।'

स्याङ्जाका विभिन्न पालिकाहरूको समन्वन र सहकार्यमा साभ नेपालले स्थानीय पाठ्यक्रम तयार गर्न र पाठ्यपुस्तक प्रकाशन गर्न सहयोग गर्दै आएको छ । 'पहिला आफ्नो माटो चिन, अनि बल्ल संसार चिन' भन्ने नाराका साथ साभ नेपालले पाठ्यक्रम लागू भएका स्याङ्जाका सबै पालिकाहरूमा काम गरिरहेको छ ।

## माईग्रेसन हराएको सूचना

मिति २०८०/०१/२० गते गोरखा बजारबाट घर जाने क्रममा मेरो निम्न व्यहोरा भएको **+2** को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : अमर थपलिया
रजिस्ट्रेसन.नं.: ७७३६३३००३
सिम्बोल.नं.: २३६०१५२२
ठेगाना.: पालुङटार ६, गोरखा
सम्पर्क: ९८६२५९६७६२

## नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८०/०२/३१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम वर्ल्ड कफी एक्सचेन्ज (प्रा.लि. नं. २३९४७४) को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम " मम किङ प्रा. लि." कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएकोछ ।

## श्री नमुना सामुदायिक वन उपभोक्ता समूह चन्द्रपुर-२ जुडिबेला रौतहटको काठ दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८०/०३/१४**

श्री नमुना सामुदायिक वन उपभोक्ता समूहको वनबाट वैज्ञानिक वन व्यवस्थापन कार्ययोजना अनुसार कुप-१ र फायर लाईन कटानबाट उत्पादन भई समूहको घाटगदीमा विभिन्न लट बनाई राखिएको साल र अन्य जातसमेत गरी थान ६९० को काठ ६७२९.६१ घ. फी र साल जातको दाउरा २५० चट्टासमेत जेजसतो अवस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति संघसंस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्यक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न अह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री नमुना सामुदायिक वन उपभोक्ता समुह चन्द्रपुर न. पा.-२ जुडिबेला, रौतहट ।**
**सम्पर्क नं. ९८५५०४३८८५, ९८०७११०४५६**


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CALISTA FURNITURE SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०१/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१३ | LT. No. 284832 | चलानी नं.६०२००२२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 150 | 0 | 1500 | ४२,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २१ गते (6th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११९७/०७३/०७४

**Swift H.R. Solution Pvt. Ltd.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

कम्पनी : AL TAREEK AL MUNEER CLEANING & HOSPITALITY

पूर्व स्वीकृति मिति २०८०/०३/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१३ | LT. No. 288022 | चलानी नं. ६०२०३३४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Worker | 0 | 2 | 1200 | ४२,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Salesman | 0 | 2 | 1500 | ५३,७०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २१ गते (6th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापचन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११७७/०७३/०७४

**Pari Overseas Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## कतारमा वैदेशिक रोजगारको अवसर

फ्रि भिषा !! फ्रि टिकट !!

कम्पनी : MAKEMAKE CONTRACTING WLL

पुर्व स्वीकृति मिति २०८०/०३/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१३ | LT. No. 288213 | चलानी नं. ६०२०३५३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 5 | 0 | 1200 | ४३,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Business Executive | 1 | 0 | 2500 | ९०,४१० | | | | | | | |
| 3 | Human Resource Specialist | 1 | 0 | 4600 | १६६,३६० | | | | | | | |
| 4 | Mason | 5 | 0 | 1200 | ४३,३९५ | | | | | | | |
| 5 | Pipe Fitter | 5 | 0 | 1200 | ४३,३९५ | | | | | | | |
| 6 | Receptionist | 1 | 0 | 2000 | ७२,३३० | | | | | | | |
| 7 | Reinforce Fitter | 8 | 0 | 1200 | ४३,३९५ | | | | | | | |
| 8 | Store Keeper | 2 | 0 | 1900 | ६८,७१५ | | | | | | | |
| 9 | Tilemaker | 3 | 0 | 1200 | ४३,३९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २१ गते (6th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

SOE
श्रम इजाजत नं. ४९७/०६१/०६२

**Shuvam Overseas Employment Pvt. Ltd.**
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9813462938, 9818425111, 9867835681, 9814470329, 9851073220, 9851196634, 9841929366, 9814462098, E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DISCOVERY EMPLOYMENT SOLE PROPRIETORSHIP LL

पुर्व स्वीकृति मिति २०७८/०६/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१३ | LT No.245936 | चलानी नं.६०१६३४८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 90 | 0 | 800 | २८,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता रोज पार्टी प्यालेस, बुटवल रुपन्देहीमा मिति: २०८० असार २५ गते (10th July. 2023) मा हुनेछ ।
अन्तरवार्ता होटल जनप्रिय थकाली भान्छा घर पोखरा, कास्कीमा मिति: २०८० असार २६ गते (11th July. 2023) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २७ गते (12th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9856028101, 981-6692574
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : IYAD HAMAD IBRAHIM AL-SUHAIBANI FOUNDATION TO PROVIDE MEALS

पूर्व स्वीकृति मिति : २०८०/०३/१३ | LT. No. 288678 | चलानी नं. : ६०२०३९५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २१ गते (6th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १५३१/०७८/०७९

**Max Employment Center Pvt. Ltd.**
Bijay Chowk-9 Kathmandu , Nepal
Phone: +977-1-4481066
Email: maxecenter@gmail.com /www.maxecenter.com

# प्रभाव दैनिक





### प्रेम गीत ३ डिशहोममा हेर्न पाइने

नेपाली चलचित्र 'प्रेम गीत ३' डिशहोममा प्रदर्शन हुने भएको छ। हलसम्म गएर यो चलचित्र हेर्न छुटाएका दर्शकहरूले अब डिशहोमको सिनेमाघरमा सपरिवार एकै साथ हेर्न पाउनेछन्। 'प्रेम गीत ३' यही असार १५ गते सिनेमाघर च्यानल नं. १०८ मा प्रदर्शन हुँदैछ। सिनेमाघरमा दैनिक ८ शो बिहान १, ४, ७, १०, दिउँसो १, ४, साँझ ७ र राती १० बजे प्रदर्शन हुनेछ। यस्तै डिशहोमको एक्सभीओडीमा पनि यो चलचित्र उपलब्ध हुनेछ। एक्सभीओडीमा यो चलचित्र उपलब्ध भए पछि आफूले चाहेको समयमा खरिद गरेर हेर्न सकिने छ। एक्सभीओडी डिशहोमको सेटटप बक्सामा उपलब्ध रहेका फिचर हो।




बिहीबार, १४ असार २०८० (Thursday, June 29, 2023)


# पाँचौं पिम नेपाल फिल्म फेस्टिबल सुरु



■ प्रभाव संवाददाता

**काठमाडौँ–** 'पाँचौं पिम नेपाल फिल्म फेस्टिबल-२०२२' बुधबारबाट सुरु भएको छ। जमल स्थित सांस्कृतिक संस्थानको हलमा तीन दिन चल्ने फेष्टिभलको नेपालका प्रथम उपराष्ट्रपति परमानन्द झाले उद्घाटन गरे। समारोहलाई सम्बोधन गर्दै प्रथप उपराष्ट्रपति झाले यस्तो प्रकारका महोत्सवले चलिचत्र क्षेत्रका कलाकार प्राविधिक र निर्माताहरूलाई थप उर्जा प्रदान गर्ने बताए। उनले उद्घाटनपछि चलचित्र 'प्रकाश' पनि हेरे।

महोत्सवको उद्घाटन समारोहमा चलचित्रसँग सम्बन्धित ८ वटा संस्थाका नवगठित कार्यसमितिका पदाधिकारीलाई बधाई पत्र प्रदानसहित आगामी सफल कार्यकालको कामना गरियो। कार्यक्रममा नेपाल चलचित्र कलाकार संघ, नेपाल चलचित्र निर्देशक समाज, चलचित्र पत्रकार संघ नेपाल, चलचित्र नृत्य संघ, नेपाल चलचित्र प्राविधिक संघ, नेपाल चलचित्र द्वन्द्व कलाकार संघ र चलचित्र संघका पदाधिकारीलाई बधाई ज्ञापन गरिएको हो।

सोही समारोहमा नृत्य निर्देशक दिनेश पाखिन, सञ्चारकर्मी तथा संगीतकार सुवास प्रधानलाई सम्बन्धित विधामा योगदान पुर्याएबापत सम्मान गरियो। नेपालमा सरकारी क्षेत्रका चलचित्र सम्बन्धि राष्ट्रिय तथा अन्तराष्ट्रिय महोत्सवहरू हुन नसकेको अवस्थामा आफुले यस्ता महोत्सव गरेर चलचित्र उधोगलाई प्रोत्साहन गरेको महोत्सब आयोजक संस्था पिम नेपालका अध्यक्ष एवम् चलचित्र निर्देशक माधवराज खरेलले बताए।

यस्तै नेपाल चलचित्र कलाकार संघका अध्यक्ष महोन निरौलाले पिम नेपालले महोत्सव तथा विभिन्न अवार्डमार्फत नेपाली चलचित्र तथा गीत संगीतमा दिएको योगदान प्रशंसनीय भएको धारणा राखे। सञ्चारकर्मी शान्तिप्रियले एक दशकअघि काठमाडौं सर्ट फिल्म फेस्टाबाट सुरु भएको फिल्म महोत्सबलाई अनुसरण गर्दै पिमले पनि आयोजना गर्दै आएको बताए। पिम नेपाल फिल्म फेस्टिबलकी आयोजक तथा उद्घाटन समारोहकी सभापति कमला जोशीले महोत्सवमा प्रदर्शन हुने सिनेमाको बारे जानकारी गराएकी थिइन्।

महोत्सवको उद्घाटन समारोहमा दिनेश राउत निर्देशित तथा प्रदीप खड्का अभिनित चलचित्र प्रकाश प्रदर्शनी गरियो। यस्तै बुधबार नै महोत्सवमा प्रकाशपछि ऐना, नेपाल भाषाको फिल्म उच्च शिक्षा र मैथली भाषाको चलचित्र 'फु' प्रदर्शन भयो। शुक्रबारसम्म चल्ने यो महोत्सवमा यसपटक नेपाली, नेपालभाषा, तामाङ, मैथली, भोजपुरी गरी ढेड दर्जन लामा तथा छोटा चलचित्र र वृत्तचित्र प्रदर्शन हुँदैछन्। जसमा विहीबार चलचित्र डेसान, भोजपुरी चलिचत्र मधेश पुत्र, मैथली चलचित्र अछोप प्रदर्शन गरिने र शुक्रबार महोत्सवमा चलचित्र बगान लाखेलगायत प्रदर्शन हुनेछ।

# 'बगान'बाट उदाउँदै प्रमिला

■ प्रभाव संवाददाता

**काठमाडौं–** असार २९ गतेबाट नेपाली फिल्म 'बगान' प्रदर्शन हुँदै छ। अभिनयमा तीन दशकको अनुभव बटुलिसकेका अभिनेता सरोज खनाल यसै फिल्ममार्फत निर्देशनमा डेब्यु गर्दैछन्। आफ्नो निर्देशकीय डेब्यु फिल्ममा उनले सामाजिक विषयवस्तुलाई उठान गरेका छन्। एकल महिलाको कथा, समवेदना र शिक्षा महत्वसँगै फिल्ममा सामाजिक दतित्व समेत समेटिएको छ।

फिल्मको गीत र टिजर सार्वजनिक भईसकेको छ। जसबाट डेब्यु गर्ल प्रमिला कार्कीले आफ्नो अभिनयबाट दर्शकसँगै फिल्मकर्मीलाई समेत प्रभावित पारिरहेकी छिन्। यसमा नीर शाह, स्वयम् निर्देशक सरोज खनाल, बसुन्धरा भुषाल, करिश्मा मानन्धर, मिथिला शर्मा, आकाश श्रेष्ठको अभिनय रहेको छ। यी सिनियर र अनुभवी कलाकारको भिडमा समेत टेलिभिजनकर्मीको रूपमा परिचित प्रमिला आफ्नो काममार्फत नोटिस भएकी छिन्। 'मैले सुरुआत नै अभिनयमार्फत नै गरेकी थिएँ। अभिनय सिक्न र निरन्तरता दिन नै म बुटवलबाट काठमाडौँ आएकी हुँ', प्रमिलाले भनिन्, 'म काठमाडौँ आएर नाट्यकर्मी अनुप बरालसँग अभिनय सम्बन्धी प्रशिक्षण लिनुका साथै दुई नाटकमा काम समेत गरें। यद्यपि टेलिभिजन र म्युजिक भिडिओमा सक्रियता बढेको कारण मलाई त्यताबाट चिन्नु हुन्छ।'

फिल्ममा उनले प्राप्तीको भूमिका निर्वाह गरेकी छिन्। जो निडर र आफ्नो आत्मविश्वासले समाजमा अन्य भन्दा फरक छिन्। 'जस्तो सुकै परिस्थितिसँग लड्ने, परिवर्तनका निमित क्रान्ति गर्न पछाडी नपर्ने, जस्तो स्वभाव प्राप्तिमा छ। त्यो भूमिकालाई मैले आफ्नै बाहिरी जीवनमा समेत महसुश गरेकी छु,' प्रमिलाले भनिन्, 'म ठूलो पर्दामा देखिदैछु भन्ने भन्दा पनि कस्तो संदेश र क्यारेक्टरमार्फत प्रस्तुत हुँदैछु भन्ने मलाई लाग्छ। चलचित्रमा मनोरञ्जनसँगै सामाजिक संदेश पनि हुनुपर्छ भन्ने मलाई लाग्छ।' उनी टेलिभिजनमार्फत पनि महिला शसक्तिकरणका विषयमा आवाज उठाईरहेकी हुन्छिन्।

सिनियर र अनुभवी कलाकारसँग काम गर्दा सुरुमा केहि असहज जस्तो महसुश भएता पनि काम गर्ने क्रममा त्यस्तो नभएको उनको अनुभव छ। 'म सम्पूर्ण सिनियर कलाकारको व्यक्तित्वसँग प्रभावित थिएँ। तर, काम गर्दा मैले क्यारेक्टर बाँचे, उसकै अनुसार प्रस्तुत भएँ। मलाई उहाँहरूले सहजता दिनुका साथै सुझाव पनि दिनुभयो', प्रमिलाले भनिन्।

म्युजिक भिडिओमार्फत सुन्दरता प्रस्तुत गरेकी प्रमिला फिल्ममा अभिनयको सुन्दरता प्रस्तुत गरेकी छिन्। उनि आफ्नो पात्रमार्फत युवालाई सिक्ने र बुझ्ने मौका मिल्ने बताउछिन्। 'स- परिवार नै हेर्नु पर्ने फिल्म बनेको छ। परिवारमा एउटी महिलाले चाहने साथ र समाजमार्फत राखेको अपेक्षा प्रस्तुत गरेका छौं। यसलाई परिवार र समाजले बुझ्नु जरुरी छ। यो सम्पूर्ण परिवारको लागि बनेको फिल्म हो', प्रमिलाले भनिन्।

परिवर्तनलाई आफू र आफ्नै घरबात सुरुआत गर्नु पर्ने बताउने प्रमिलाले दर्शकको मन जित्नेमा आफू विश्वस्त रहेको निर्देशक खनालले बताए। 'यसमा प्रमिलाले सबैलाई चकित बनाउने काम गरेकी छिन्। एउटा कलाकार र डेब्यु निर्देशक भएकाले उनीसँग काम गर्दा सहजता महसुश गरें। छायांकन अगाडी उनले कस्तो गर्लिन् भन्ने थियो तर उनले मसँगै सम्पूर्ण टिमलाई चकित बनाउने काम गरेकी छिन्', निर्देशक खनालले भने।

सुरेश वाग्ले र विनोद मानन्धरको निर्माण रहेको फिल्ममा स्वप्न नीरवको कथा, गौरीशंकर धुजुले छायांकन निर्देशन, उत्सव दाहाल र नारायण जिसीले छायांकन, अर्जुन जिसी, राजेश शाह र सन्देश शाहले सम्पादन, समिर मियाँले भि.एफ.एक्स. तथा रेनिश फागोले रंग संयोजन गरेका छन्। फिल्मको वितरण रिच इन्टरटेन्मेन्ट र डिसिएनले काठमाडौँ उपत्यका र मोफसलमा एफडी कम्पनीले गर्दै छ।



## रंगशाला

**एसिसी मेन्स यू-१६ इस्ट रिजन**

# थाईल्यान्डलाई हराउँदै नेपाल सेमिफाइनलमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** मलेसियामा जारी एसिसी मेन्स यू-१६ ईस्ट रिजनको पहिलो खेलमा नेपालले थाईल्यान्डमाथि सानदार जित निकालेको छ।

मलेसियाको बांगीमा भएको खेलमा नेपाल २ सय २५ रनको फराकिलो अन्तरले विजयी भएको हो। पहिलो जितसँगै नेपालले सेमिफाइनलमा स्थान बनाएको छ। पराजित थाईल्यान्ड भने प्रतियोगिताको समूह चरणबाट बाहिरिएको छ।

थाईल्यान्ड पहिलो खेलमा मंगलबार घरेलु टोली मलेसियासँग पराजित भएको थियो। नेपालले दिएको २ सय ७० रनको लक्ष्य पछ्याएको मलेसिया १३ दशमलब २ ओभरमा ४४ रन बनाउँदै अलआउट भयो। थाईल्यान्डका लागि ईसान बेर्नोजीले १६ तथा ओपनर डानुफोनले १२ रन बनाउँनु बाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन्। थाईल्यान्डका सात खेलाडी शुन्य रनमा आउट भए।

नेपालका लागि सन्तोष यादवले ह्याट्रिकसहित ५ विकेट लिए। सन्तोषले ३ दशमलब २ ओभरमा ८ रन खर्चेर ५ विकेट लिए। अशोक धामीले ३ तथा कप्तान अभिसेक तिवारीले २ विकेट आफ्नो नाममा गरे।

त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित ३५ ओभरमा ८ विकेट गुमाउँदै २ सय ६९ रन बनाएको थियो। नेपालका लागि निरज कुमार यादव र नरेन भट्टले अर्धशतकीय ईनिङ खेले। यादवले ४३ बलमा सर्वाधिक ७४ रनमा बनाए।

नेपाललाई ओपनरद्वय यादव र सुर्यांशु कोइरालाले १३ ओभरमा १ सय १० रनको शतकीय साझेदारी गर्दै उत्कृष्ट सुरुआत दिलाएका थिए। सुर्यांशुले ५५ बलमा ४० रनमा आउट भए।

नरेन भट्ट ४३ बलमा ५ चौकासहित ५५ रनमा अविजित रहे। सन्तोष यादव ३६ बलमा ४२ रनमा आउट भए। थाईल्यान्डका निटपाखन मनुवुन, ईशान बानेर्जी र पनुवातले समान २/२ विकेट लिए तथा जित साद र पियावत नोद्रीले समान १/१ विकेट लिए। प्रतियोगितामा सात टोलीको सहभागीता रहेको छ। सहभागी सात टोलीलाई दुई समूहमा विभाजन गरिएको छ। समूह ए मा नेपाल, थाईल्यान्ड र मलेसिया छन्। समूह बी मा सिंगापुर, हङकङ, माल्दिभ्स र इन्डोनेसिया छन्।

नेपालले आफ्नो समूह चरणको अन्तिम खेल शुक्रबार मलेसियासँग खेल्नेछ। सेमिफाइनल ३ जुलाई र फाइनल ४ जुलाईमा हुनेछ।

**प्रधानमन्त्री कप खुल्ला राष्ट्रिय ब्याडमिन्टन**

# पविन र विजितको विजयी सुरुआत

■ प्रभाव संवाददाता

**काठमाडौं–** तेश्रो प्रधानमन्त्री कप खुल्ला राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता २०८० ललितपुरस्थित नखिपोट ब्याडमिन्टन सर्कलमा सुरु भएको छ।

प्रतियोगिताको माननिय युवा तथा खेलकुद मन्त्री डिग बहादुर लिम्बुले पानसमा द्वीप प्रज्वलन गरि उद्घाटन गरे। मन्त्री लिम्बुले खेलकुदलाई पर्यटनसँग जोड्नु पर्ने भन्दै खेलकुदको माध्ययमबाट राज्यको आर्थिक स्तर उकास्ने कार्यमा सवै लाग्नु पर्ने बताए। उनले खेलकुदमा प्राईभेट सेक्टरलाई आकर्षित गर्नु पर्ने भन्दै खेललाई राजनीतिबाट पर राखेर खेल र खेलाडीको विकास गर्नु पर्ने बताए। उनले ग्रासरुटबाट खेलाडी उत्पादनमा लाग्नु पर्ने र राज्यको सम्पूर्ण क्षेत्रमा युवाहरू पकड हुनु पर्ने जसका कारण देशको चौतफी विकास हुनेमा आफु बिश्वस्त रहेको बताए। उनले खेलाडीको आर्थिक स्तर वृद्धिका लागि स्वरोजगार कार्यक्रम मार्फत मद्धत पुग्ने बताए।

बागमती प्रदेश ब्याडमिन्टन संघ तदर्थ समितिको अध्यक्ष रुद्र बहादुर थिंगको सभापतीत्वमा भएको कार्यक्रममा नेपाल ब्याडमिन्टन संघ तदर्थ समितिका संयोजक रामजी बहादुर श्रेष्ठले शुभकामना मन्तब्य दिएका थिए। पहिलो दिनको पुरुष एकल तर्फको स्पर्धामा त्रिभुवन आर्मी क्लबका पविन लिनथेप र एपिएफका बिजित थापा मगरले बिजयी सुरुवात गर्दै दोश्रो चरणमा स्थान बनाएका छन्। पविनले बि.वाई.सी.का अरुण अधिकारीलाई २१-१५, २१-१७ ले र बिजितले रूपन्देहीका प्यार जंग थापालाई २१-५, २१-९ ले पराजित गरे।

यस्तै अन्य स्पर्धामा एपिएफका सुजन थापाले काठमाण्डौ ब्याडमिन्टन एकेडेमीका सुजल श्रेष्ठलाई २१-६, २१-४, सेनाका हिमाल चन्दले काभ्रेका अंकित भोछेभ्वयलाई २१-९, २१-११, एपिएफका शिषिर रानाले देवीनगर ब्याडमिन्टनका रिसव राईलाई १६-२१, २१-१७, २१-१३, एपिएफका देवराज रानाले धादिंगका मोहन गुरुंगबाट वाक ओभर, सेनाका अभय महराले रिभाईभका किरन न्यौपानेलाई २१-१३, २१-१२ ले, पुलिसका अविक श्रेष्ठले पर्फेक्ट फिटनेश क्लबका अनिल मल्ललाई २२-२०, २१-९ले, एपिएफका भोज बहादुर गुरुंगले आशमान लोपचनलाई २१-९, २१-४ले, पाल्पाका दिपम बज्राचार्यले भक्तपुरका सुप्रिम राना मगरबाट वाक ओभर, एपिएफका रोशन साउदले आर्मीका कविर के.सी.लाई २१-१९, २१-१५ले, मंडला ब्याडमिन्टन क्लबका अमन तामांगले रिभाईभका सलुन सिंह ठकुरीलाई १९-२१, २१-१६, २१-१३, पुलिसका पूर्ण बहादुर थापाले काठमाण्डौ ब्याडमिन्टन एकेडेमीका बबिश थापालाई १६-२१, २१-१६, २१-१६, एपिएफका सुमन लिम्बुले आई.बि.एस.सी.का सुबाष उलकलाई २१-१०, २१-११ ले पराजित गर्दै दोश्रो चरण प्रवेश गरे।



दोश्रो चरण प्रवेश गर्ने अन्य खेलाडीहरूमा आयुश्मान श्रेष्ठ, एपिएफका क्षितीज खनाल, रिभाईभका प्रशोभ रात्न शाक्य, आर्मीका रुकेश महर्जन, आर्मीका सुविन श्रेष्ठ, एपिएफका अमन महर्जन, भक्तपुरका रिसोद सुवाल, संखुवासभाका रिजन याम्फु, आर्मीका नरेन्द्र बम, बि.वाई.सी.का सुमित थोकर, पुलिसका सुनिल जोशी, बनेपाका सानु बाबु गोले, पुलिसका हिरा बहादुर राई र सेनाका विवेक चौधरी रहेका छन्।

प्रतियोगितामा महिला र पुरुष एकल, पुरुष युगल, पुरुष भेट्रान ४५ बर्ष माथिको युगल, यु-११, यु-१३ र यु-१५ छात्र/छात्रा गरि १० विधामा प्रतिस्पर्धा हुनेछ। प्रतियोगिताकोलाई राष्ट्रिय खेलकुद परिषद्को मुख्य सहयोग रहेकोछ भने नेपालका लागि योनेक्सको आधिकारीक विक्रेता योनेक्स सनराईज ईनास ईन्टरप्राईजेजको विशेष साथ रहेको छ।

अनुमानित १४ लाख ४१ हजार लागत रहेको प्रतियोगितामा कुल पुरस्कार रासी ५ लाख ३३ हजार रहेको छ। जसमा पुरुष र महिला एकल तर्फ प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरूले क्रमशः नगद ५० हजार, २५ हजार र १० हजार प्राप्त गर्ने छन्। यस्तै पुरुष युगल तर्फ शिर्ष तीन बिजयीहरूले क्रमशः नगद ४० हजार, २० हजार र ८ हजार, भेट्रान्स तर्फका बिजयीहरूले क्रमशः ३० हजार, १५ हजार र ६ हजार तथा यु- ११, १३ र १५ का शिर्ष तीन बिजयी खेलाडीहरूले क्रमशः १५ हजार, १० हजार र ५ हजार प्राप्त गर्ने छन्। यसका साथै बिजयी खेलाडीहरूले मेडल, प्रमाणपत्र र ट्रफी प्राप्त गर्नेछन्।

# बंगलादेशमा डेंगुबाट एकै महिना ३४ जनाको मृत्यु

**ढाका–** बंगलादेशमा जुन महिनामा डेंगुका घटनामा उल्लेख्य वृद्धि भएको छ । स्वास्थ्य मन्त्रालयअन्तर्गतको स्वास्थ्य सेवा महानिर्देशनालय (डिजिएचएस)ले मंगलबार सार्वजनिक गरेको तथ्यांकअनुसार पाँच हजार ७३२ जनामा डेंगुको संक्रमण देखिएको छ भने ३४ जनाको मृत्यु भएको छ ।

बंगलादेशमा यस वर्ष डेंगुका बिरामीको संख्या सात हजार ७५४ पुगेको छ । स्थानीय समयअनुसार मंगलबार बिहान ८ बजेसम्मको २४ घण्टामा ढाकामा १०४ सहित कूल १४५ जना डेंगुका नयाँ बिरामी फेला परेको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

डेंगुका कारण मंगलबार दुई जनाको मृत्यु भएको छ भने जुन महिनाभरिमा ३४, मेमा दुई, अप्रिलमा दुई, फेब्रुअरीमा दुई र जनवरीमा छ जनाको मृत्यु भएको महानिर्देशनालयले जनाएको छ ।

बंगलादेशमा गत (मे) महिनामा एक हजार ३६ जनामा डेंगुको संक्रमण देखिएको थियो तर जुनमा यो संख्यामा उल्लेख्य वृद्धिपछि थप पाँच हजार ७३२ जनामा डेंगुको संक्रमण देखिएको थियो ।

सन् २०२३ को पुस २७ देखि जेठ २७ गतेसम्म देशभरका विभिन्न अस्पतालबाट छ हजार २९७ जना डेंगुका बिरामी उपचार पछि घर फर्केका छन् । बंगलादेशको राजधानी ढाकामा लामखुट्टेको टोकाइबाट सर्ने यो रोग तीव्र गतिमा बढिरहेको छ ।

लामखुट्टेको टोकाइबाट सर्ने रोगको उच्च जोखिममा रहेको बंगलादेशमा जुन-सेप्टेम्बर को मनसुन अवधि डेंगु ज्वरोको मौसम हो ।

बंगलादेश सरकारले एडिस जातका लामखुट्टेबाट सर्ने यो रोगको प्रकोप नियन्त्रणका लागि थप समन्वयात्मक प्रयासका लागि राज्यका निकायहरूलाई आग्रह गरिसकेको छ । *रासस/सिन्ह्वा*

# एक महिनामा ७४ हजारभन्दा बढी अफगान आप्रवासी इरानबाट फर्किए

**काबुल–** गत महिना ७४ हाजरभन्दा बढी अफगान आप्रवासी इरानबाट सिल्क रोड क्रसिङ पोइन्ट हुँदै स्वदेश फर्किएका छन्, । पश्चिमी निमरोज प्रान्तको शरणार्थी र स्वदेश फिर्ता विभागका तालिवानका प्रान्तीय अधिकारीले सो जानकारी दिएको खामा प्रेसले जनाएको छ ।

निमरोज प्रान्तको शरणार्थी र स्वदेश फिर्ता प्रान्तका प्रान्तीय प्रमुख मौलावी अब्दुल्लाह रियाजले विगत दुई हप्तामा इरानबाट एक हजार १०६ परिवार र ६९ हजार २५९ व्यक्तिसहित ७४ हजार ३६० व्यक्ति स्वदेश फर्किएको बताएका छन् ।

आधिकारिक स्रोतका अनुसार गत दुई दिनमा तोर्खाम क्रसिङ प्वाइन्ट हुँदै पाकिस्तानबाट २३० अफगान परिवार फर्किएका छन् ।

इरान र पाकिस्तानबाट अफगान शरणार्थीको स्वदेश फिर्ती पछिल्लो समयमा असाधारणरूपमा बढेको छ जुन उत्पीडन, स्वेच्छाचारी नजरबन्द र आयोजक देशमा गैरकानुनी अफगान नागरिकलाई निर्वासनजस्ता विभिन्न कारकसँग जोडिएको छ । अगस्ट २०२१ मा पूर्वअफगान सरकारको पतनपछि हजारौं कमजोर अवस्थामा रहेका अफगान परिवार तालिबानद्वारा मृत्युको धम्की र त्रासले छिमेकी देश इरान र पाकिस्तानमा सरेका थिए ।

अफगान शरणार्थी स्वेच्छाचारी नजरबन्द, दुर्व्यवहार, कैद र जबर्जस्ती निर्वासनलगायतका कारण निर्वासनमा रहेका देशमा गम्भीर चुनौतीको सामना गरिरहेको पनि खामा प्रेसले उल्लेख गरेको छ । *रासस/एएनआई*

# तीनवटा अस्ट्रेलियाली विश्वविद्यालय शीर्ष २० मा प्रवेश

**क्यानबेरा–** क्वाक्वेरेली साइमन्ड्स (क्युएस) विश्व विश्वविद्यालयले र्‍याकिङमा बुधबार अस्ट्रेलियाका तीन विश्वविद्यालयले पहिलोपटक शीर्ष २० मा प्रवेश पाएका छन् ।

मेलबर्न विश्वविद्यालय १४औं स्थानमा परेको छ भने सिड्नी विश्वविद्यालय र न्यु साउथ वेल्स विश्वविद्यालय १९ औं स्थानमा छन् ।

अस्ट्रेलिया विश्वविद्यालयकी प्रमुख कार्यकारी क्याट्रिओना ज्याक्सनले भनिन्, 'आजका उत्कृष्ट नतिजाले अस्ट्रेलियाका विश्वविद्यालयलाई विश्वव्यापी शैक्षिक प्रतिस्पर्धामा अगाडि उभ्याएको छ ।'

उनका अनुसार र्‍यांकिङ प्रणालीले रोजगारीको नतिजा, दिगोपन र अन्तराष्ट्रिय अनुसन्धान सहकार्यलाई नयाँ सूचकका रूपमा प्रस्तुत गर्नेछ । *रासस/सिन्ह्वा*

# इजरायल र अमेरिकाका विदेशमन्त्रीबीच कुराकानी

**जेरुसेलम–** इजरायलका विदेशमन्त्री एली कोहेनले मंगलबार साँझ अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनसँग कुराकानी गरेका छन् ।

सो अवसरमा दुवै नेताले अब्राहम सम्झौताको विस्तार र नेगेभ फोरमको लागि मिति तय गर्ने बारे छलफल गरेको बताइएको छ । इजरायलसँगको कूटनीतिक सम्बन्ध सामान्यीकरण प्रक्रियामा जोडिन चाहने थप देशको सहभागिताको बारेमा पनि छलफल भएको बताइएको छ ।

कोहेनले प्यालेस्टिनी आतंकवादको विरूद्ध लड्ने र आफ्ना नागरिकको सुरक्षाका लागि तम्तयार रहने पनि प्रतिबद्धता व्यक्त गरेका छन् । छलफलमा इरानको आणविक कार्यक्रमविरुद्धको लडाइँलाई प्रवर्द्धन गर्दै इजरायली नागरिकलाई अमेरिका भ्रमण सहजीकरण गर्ने प्रक्रियाको प्रगतिको बारेमा पनि छलफल गरिएको छ । *रासस/एएनआई*

# युक्रेनको क्रामाटोर्स्कमा रूसी मिसाइल प्रहार

**किभ–** पूर्वी युक्रेनको क्रामाटोर्स्कको मध्यभागमा रुसी क्षेप्यास्त्र प्रहार हुँदा मंगलबार साँझ एक जना बालकसहित चार जनाको मृत्यु भएको छ भने अन्य धेरै घाइते भएका छन् ।

डोनेट्स्क क्षेत्रका सैन्य प्रशासन प्रमुख पाभ्लो किरिलेन्कोका अनुसार आक्रमण साँझ करिब ७:३० बजे भएको थियो। । 'हामी अहिले सहरमा घाइते र मृतकको संख्या निर्धारण गर्न काम गरिरहेका छौं । यो सहरको केन्द्र हो । यी सर्वसाधारणको भीड हुने सार्वजनिकरूपमा खाने ठाउँ थिए,' उनले भनेका छन् ।

अधिकारीलाई उद्धृत गर्दै सिएनएनले दोस्रो मिसाइल आक्रमण सहरको बाहिरी भागमा रहेको एउटा गाउँमा भएको बताएको छ । युक्रेनका आन्तरिक मामिलामन्त्री इहोर क्लाइमेन्कोले टेलिग्राम टिप्पणीमा भनेका छन्, 'रुसले जानाजानी भीडभाड भएका क्षेत्रलाई लक्षित गरेको छ ।'

हड्ताल सुरु भएलगत्तै आकस्मिक सेवा घटनास्थलमा पुगेर घाइतेलाई सहयोग गरेका थिए । सन् २०२२ फेब्रुअरी, २४ मा सुरु भएको रुस-युक्रेन युद्धले धेरैको ज्यान लिइसकेको छ र अहिले पनि दुई राष्ट्रबीच युद्ध जारी छ । *रासस/एएनआई*

# ५० प्रतिशतभन्दा बढी पाकिस्तानी गुणस्तरीय शिक्षाको लागि आशावादी

**इस्लामाबाद–** हालैको एक अध्ययनले ५० प्रतिशत भन्दाबढी पाकिस्तानीले युवाको हालको शिक्षाले उनीहरूलाई भविष्यमा एक आदर्श जागिर पाउन धेरै मद्दत गर्न सक्ने विश्वास गरेका छन् ।

मंगलबार जारी गरिएको ग्यालप र गिलानी पाकिस्तानको राष्ट्रिय सर्वेक्षणमा देशभरका वयस्क पुरुष र महिलाको राष्ट्रिय प्रतिनिधि नमूनालाई प्रश्न सोधिएको थियो, 'तपाईंको विचारमा, युवाहरूको वर्तमान शिक्षाले उनीहरूलाई आदर्श बनाउन कत्तिको मद्दत गर्न सक्छ ? भविष्यमा जागिर कस्तो मिल्न सक्छ ?'

यस्ता प्रश्नको जवाफमा सर्वेक्षणले ५३ प्रतिशतले गुणस्तरीय शिक्षाले मद्दत गर्ने बताएका छन् ।

यसैगरी २४ प्रतिशतले केही हदसम्म मद्दत गर्ने प्रतिक्रिया दिएका छन् जबकि १६ प्रतिशतले यसले कुनै पनि मद्दत नगर्ने धारणा राखेका छन् त्यस्तै सात प्रतिशतले कुनै प्रतिक्रिया दिएनन् । *रासस/सिन्ह्वा*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : OCEAN LANDSCAPING & NURSERY (M) SDN BHD

पूर्व स्वीकृति मिति: २०८०/०३/११ | LT. No. 288433 | चलानी नं. ६०२०३९५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Harvesting & Post-harvest Workers | 10 | 0 | 1500 | ४२,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २१ गते (6th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/– रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रोजगारदाता आफैले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२५७/०७४/०७५

**J.P. Overseas Pvt. Ltd.**

Pingalasthan-9 Gausala, Ktm Nepal,Tel: +977-4490851

E-mail:jpoverseasnp@gmail.com, Web:www.jpoverseasnepal.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PETROLAND RECRUITMENT LLC

पूर्व स्वीकृति मिति : २०७९/०८/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१३ | LT No. 276564 | चलानी नं. ६०१९२०५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason Assistant | 40 | 0 | 800 | २८,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter Assistant | 60 | 0 | 800 | २८,३९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २१ गते (6th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १४३५/०७४/७५

**Kingfisher Overseas Pvt.Ltd**

Gairigaun 9 Tinkune, Kathmandu,Nepal.

Contact no.:+977-014112437/014112160, Email: kingfisheroverseasnepal@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GLOBAL PETROLEUM RESOURCES SDN BHD

पूर्व स्वीकृति मिति :२०७९/१२/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१३ | LT. No. 283910 | चलानी नं. ६०१९९३७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४२,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २१ गते (6th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 404/060/061

**GURUNG MANAGEMENT OVERSEAS PVT. LTD.**

P.o.Box.:15142, Basundhara, Kathmandu, Nepal

Tel: +977-1-4386936,4388012,4388013, 4380659 Fax: +977-1-4386937

E-mail: gurungoverseas@gmail.com, info@gurungoverseas.com.np, Website : www.gurungoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CRYSTAL PROTECTION SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०६/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१३ | LT. No. 272486 | चलानी नं. ६०१९००३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 32 | 0 | 1500 | ४२,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : JS SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१०/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१३ | LT. No. 280938 | चलानी नं. ६०१९६४४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 42 | 0 | 1500 | ४२,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : TIMBMART SDN.BHD

पूर्व स्वीकृति मिति २०७९/०६/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१३ | LT. No. 273361 | चलानी नं. ६०१८९०७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 30 | 0 | 1500 | ४२,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २१ गते (6th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**DOTI OVERSEAS PVT. LTD.** Govt. License 1294/074/075

Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705

E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np


## नेपाल सरकार
### श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
### वैदेशिक रोजगार विभागको सूचना

नेपाल सरकार वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था **श्री तुलसी ओभरसिज सर्भिसेज प्रा.लि.(ई.प.नं.८३०)** ले यस विभाग समक्ष ईजाजत पत्र रद्द गरी धरौटी रकम फिर्ता तथा वैंक ग्यारेन्टी फुकुवा गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतिस**) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको **मिति** २०८०/०३/१२ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम ईजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता तथा वैंक ग्यारेन्टी फुकुवा भई जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।


## हक दावी सम्बन्धी सूचना

वैदेशिक रोजगार व्यवसाय गर्ने यस कम्पनीले सुनसरी जिल्ला ईटहरी उ.म.न.पा. वडा नं. ४ पुर्व वस स्टेण्टमा शाखा कार्यालय खोली पाँचथर जिल्ला मौवा गा.वि.स. वडा नं. ४ परिवर्तित मिक्लाजुङ्ग गा.पा.वडा नं. ६ वस्ने महेश थापालाई शाखा प्रमुख बनाई काम कारोवार गरि आएकोमा शाखा प्रमुख महेश थापाले राजिनामा दिनु भएकाले ईटहरी शाखा कार्यालय बन्द गर्ने निर्णय गरिएकाले यो सूचना प्रकाशित गरिएको छ । यस कम्पनीले सुनसरी जिल्ला ईटहरी उ.म.न.पा.वडा नं. ४ पुर्व वस स्टेण्टमा शाखा कार्यालय संचालन गर्दा कोही कसैको लिनु दिनु भए, कसैलाई रकम दिन बाँकि राखेको भएमा १५ दिन भित्र यस कम्पनीको तल उल्लेखित ठेगानामा वा वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौंमा उजुरी दावि गर्नु हुन अनुरोध गरिन्छ । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा सूचित गरिन्छ ।

**Advance Recruitment Service Pvt. Ltd.** श्रम ईजाजत नं. ४४४/०६०/०६१

Gaushala, Ktm, Nepal,Tel: +977-1-4486946/4492505, Fax: +977-01-4485069



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FORCE ONE CONTRACTING & CLEANING W.L.L

पूर्व स्वीकृति मिति: २०८०/०३/१३ | LT No :288691 | चलानी नं. ६०२०४००८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant Gen | 0 | 1 | 4000 | १४४,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1300 | ४६,८३५ | | | | | | | |
| 3 | Cashier | 1 | 2 | 1500 | ५४,०४५ | | | | | | | |
| 4 | Foreman | 5 | 0 | 2500 | ९०,०७० | | | | | | | |
| 5 | General Clean Worker | 18 | 3 | 1000 | ३६,०३० | | | | | | | |
| 6 | Labour | 2 | 0 | 1300 | ४६,८३५ | | | | | | | |
| 7 | Painter | 1 | 0 | 1300 | ४६,८३५ | | | | | | | |
| 8 | Plumber | 2 | 0 | 1300 | ४६,८३५ | | | | | | | |
| 9 | Secretary | 0 | 1 | 2100 | ७५,६६० | | | | | | | |
| 10 | Supervisior | 5 | 0 | 2500 | ९०,०७० | | | | | | | |
| 11 | Waiter | 1 | 3 | 1500 | ५४,०४५ | | | | | | | |

कम्पनी : DOHA ALKHALIJ DECORE

पूर्व स्वीकृति मिति: २०७९/०९/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१३ | LT No :278757 | चलानी नं. ६०१९४२१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 43 | 0 | 1000 | ३६,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २१ गते (6th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५

**JALAJALA RECRUITMENT PVT.LTD**

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: +977-1-4350257, 4350900

Mobile No. +97714390878, 01-4380956, E-mail: jalajalarecru2017@gmail.com



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११०००० | प्रति तोला – १०९५०० | प्रति तोला – १३७५ |







तनहुँको व्यास नगरपालिका-५ मा व्यावसायिक रूपमा सुरु गरिएको ड्रागन फ्रुट खेती । दमौली निवासी कल्पना गौलीले जग्गा भाडामा लिएर उक्त खेती सुरु गरेकी हुन् । *तस्बिर: कृष्ण न्यौपाने/रासस*

## आर्थिक गतिविधि अध्ययन

# बालीले ढाकेको भूक्षेत्र घट्यो

■ प्रभाव संवाददाता

**काठमाडौं–** आर्थिक गतिविधि अध्ययन प्रतिवेदन सार्वजनिक भएको छ । नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्ष २०७९/८० को साउनदेखि पुससम्मको तथ्यांकमा आधारित अर्धवार्षिक आर्थिक गतिविधि अध्ययन गरेर मंगलबार प्रतिवेदन सार्वजनिक गरेको हो ।

चालु आर्थिक वर्षको पुस मसान्तसम्ममा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली र तरकारी एवं फलफूल तथा मसला) को उत्पादन चार दशमलव तीन प्रतिशतले बढेको छ । यस्ता बालीले ढाकेको भूक्षेत्र भने दुई दशमलव एक प्रतिशतले घटेको छ ।

खाद्य तथा अन्य बालीको उत्पादन मात्र पाँच दशमलव सात प्रतिशतले बढेको छ । त्यस्तै तरकारी तथा बागवानीको उत्पादन साढे चार प्रतिशतले बढेको छ । फलफूल र मसलाको उत्पादनमा भने क्रमश: पाँच दशमलव दुई प्रतिशत र आठ दशमलव चार प्रतिशतले घटेको छ ।

प्रतिवेदनअनुसार पशुजन्य उत्पादनअन्तर्गत दूध उत्पादन एक दशमलव चार प्रतिशत र मासु उत्पादन एक दशमलव सात प्रतिशतले वृद्धि भएको छ । त्यस्तै अर्धवार्षिक अवधिमा अण्डा उत्पादन २६ दशमलव तीन प्रतिशतले घटेको छ । वनजन्य उत्पादनअन्तर्गत काठ उत्पादन १६ दशमलव २३ प्रतिशतले र औषधिजन्य वस्तुको उत्पादन सात दशमलव चार प्रतिशतले बढेको प्रतिवेदनमा उल्लेख छ ।

चालु आर्थिक वर्षको पुस मसान्तसम्ममा उद्योगको क्षमता उपयोग औसतमा ४३ दशमलव सात प्रतिशत रहेको छ । यो अवधि बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कूल



कर्जामा औद्योगिक क्षेत्रमा प्रवाह भएको कर्जाको अंश २७ दशमलव नौ प्रतिशत रहेको छ ।

पुस मसान्तसम्ममा घरजग्गा रजिष्ट्रेशन संख्या ५० दशमलव ०३ प्रतिशतले घटेर एक लाख ९६ हजार पाँच सय ९५ कायम भएको र जग्गा रजिस्ट्रेशनबाट प्राप्त हुने राजस्व रु नौ अर्ब ९० करोड पुगेको प्रतिवेदनमा जनाइएको छ । घर तथा भवनको स्थायी नक्सा पास संख्या ३७ दशमलव पाँच प्रतिशतले घटेको छ ।

विसं २०७८ पुस मसान्तको तुलनामा २०७९ पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाको निक्षेप नौ दशमलव एक प्रतिशतले र कर्जा प्रवाह चार दशमलव एक प्रतिशतले वृद्धि भएको छ । बैंक तथा वित्तीय संस्थाको कूल निक्षेप र कर्जामा बागमती प्रदेशको अंश क्रमश: ६९ दशमलव चार प्रतिशत र ५५ दशमलव छ प्रतिशत रहेको छ । निक्षेप र कर्जामा कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम क्रमश: एक दशमलव दुई प्रतिशत र एक दशमलव दुई प्रतिशत रहेको छ ।

विसं २०७८ पुस मसान्तको तुलनामा २०७९ पुस मसान्तसम्ममा दर्ता भएका कूल सवारीसाधनको संख्या चार दशमलव एक प्रतिशतले वृद्धि भएको छ । पूर्वाधार क्षेत्रमा चालु आर्थिक वर्षको पहिलो छ महिनासम्ममा ३४ हजार ७५ किलोमिटर सडक र तीन हजार १८ पुल निर्माण भएको प्रतिवेदनमा उल्लेख छ । यो अवधिसम्ममा अन्तर्राष्ट्रिय उडानतर्फ तीन वटा नेपाली वायुसेवा र २९ वटा विदेशी वायुसेवा गरी ३२ वटा वायुसेवा कम्पनीले विभिन्न गन्तव्यमा उडान सञ्चालन गरिरहेका छन् । सबै मौसममा सञ्चालनमा रहने विमानस्थलको संख्या ३३ रहेको छ ।

# नेप्सेमा दोहोरो अंकको गिरावट

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ३५ दशमलव ३७ अंकले ओरालो लागेर दुई हजार एक सय ५० दशमलब ९९ मा सीमित भएको छ ।

बुधबारको कारोबारमा ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक नौ दशमलब ७६ अंकले ओरालो लागेर चार सय दुई दशमलबव ७५ मा सीमित भएको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये एक उपसमूहको मात्रै सेयर मूल्यमा वृद्धि भएको छ भने १२ उपसमूहको सेयर मूल्यमा गिरावट आएको छ ।

कारोबारमा विभिन्न कम्पनीका कूल एक करोड ३३ लाख ४२ हजार नौ सय ९६ कित्ता सेयर रु पाँच अर्ब ९७ करोड २२ लाख ८६ हजार चार सय ८१ मूल्यमा खरिद बिक्री भएका छन् ।

कारोबार रकमका आधारमा हिमालयन लायफ इन्स्योरेन्स शीर्ष स्थानमा छ । उक्त कम्पनीको रु ८३ करोड ७० लाख ३६ हजार सात सय ९१ बराबरको कारोबार भएको छ ।

त्यस्तै, शिवम् सिमेन्ट रु २८ करोड २२ लाख ६७ हजार पाँच सय ५९, सोल्टी होटल रु २३ करोड ५६ लाख ३८ हजार नौ सय ९९, एशियन लाइफ इन्स्योरेन्स रु १९ करोड ५० लाख ७२ हजार र आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स रु १७ करोड २७ लाख ७६ हजार दुई सय ७४ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार हिमालयन लाइफ इन्स्योरेन्स बीपीडब्ल्यू लघुवित्त र सिटी होटलको सेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । त्यस्तै, सामुदायिक लघुवित्त आठ दशमलब १६ र शुभम् पावर कम्पनीको सेयर मूल्य आठ दशमलव ११ प्रतिशतले बढेको छ ।

साथै इन्वा हाइड्रोपावर छ दशमलब ६४, खप्तड लघुवित्त छ दशमलब १५, तारागाउँ रिजेन्सी होटल छ दशमलब ११, मकर जीतमाया सुरी हाइड्रोपावर पाँच दशमलब ८६ र ग्लोबल आइएमई लघुवित्तको सेयर मूल्य पाँच दशमलव ७१ प्रतिशतले घटेको छ ।

# गलैंचामा भ्याट किन : संघ

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल गलैंचा उत्पादक तथा निकासीकर्ता संघले गलैंचा उद्योग उत्पादन स्रोतमै मूल्य अभिवृद्धि कर (भ्याट) लगाउने कार्य अव्यावहारिक रहेको जनाउँदै फिर्ता लिन सरकारसँग आग्रह गरेको छ ।

संघले पत्रकार सम्मेलन गरी वार्षिकरूपमा रु ५० लाखभन्दा कम कारोबार हुने उद्योग भ्याटमा दर्ता हुनु र जान नपर्ने स्पष्ट कानुनी व्यवस्था नरहेकाले समयमै निर्णय फिर्ता लिन सुझाव दिएको हो ।

उक्त अवसरमा संघका अध्यक्ष तेन्जिङ गुरुङले मुलुकको कूल गार्हस्थ्य उत्पादनमा दुई दशमलव १६ प्रतिशत योगदान पुऱ्याउँदै आएको गलैंचा उद्योगलाई यस वर्षको बजेट वक्तव्यबाट सरकारको प्राथमिकताबाट हटाइएको भान भएको प्रतिक्रिया दिए ।

उनले भने, 'सुविधा र सहुलियत दिएर अन्तर ाष्ट्रिय प्रतिस्पर्धामा बढाउने कार्यमा सरकारको सहयोग र समन्वय आवश्यक छ ।' सरकारको पछिल्लो निर्णयबाट नेपाली गलैंचाको उत्पादन लागत मात्र नभई मूल्यसमेत बढ्न गई अन्तर ाष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न चुनौती खडा हुने उनको भनाइ थियो ।

संघद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'आगामी आर्थिक वर्षमा गलैंचा उद्योगसँग सम्बन्धित व्यवस्थालाई पुनर्विचार गरी पूर्ववत् यथावत व्यवस्था कायम गरिदन संघ सरकारसमक्ष अपील गर्दछ ।'

करिब दुई सयको संख्यामा गलैंचा उत्पादक तथा निकासीकर्ता आबद्ध रहेको संघले नेपाली गलैंचा उद्योगको संवर्द्धन, प्रवर्द्धन तथा विकासमा आवश्यक सहयोग र समन्वय गर्दैआएको छ ।

मुलुकको निकासीजन्य सामग्री उत्पादन गर्ने प्रमुख उद्योगका रूपमा रहेको गलैंचा उद्योगले वार्षिक रु १० अर्ब बराबरको सामग्री निकासी गरी भुक्तानी सन्तुलनमा टेवा पुर्याउँदैआएको छ । गलैंचा उद्योगले करिब दुई लाखलाई प्रत्यक्षरूपमा रोजगारी प्रदान गर्दैआएको महासचिव बलराम गुरुङले बताए ।

देशका अशिक्षित एवं गरिबीको रेखामुनि जीवनयापन गरिरहेका र सीमान्तकृत समूहलाई उद्योगले प्रत्यक्षरूपमा रोजगारी प्रदान गरेको संघको दाबी छ । मुलुकको आयात र निर्यातबीच रही आएको ठूलो खाडल हटाएर सन्तुलन गर्न गलैंचा उद्योगले केही हदसम्म योगदान पुऱ्याइरहेको छ ।

सरकारले भ्याटसम्बन्धी गरेको निर्णयले वैदेशिक निर्यातमा ३० प्रतिशत गिरावट आउने जनाउँदै संघले फिर्ता लिन अनुरोध गरेको उनले बताए । नेपालले गलैंचाका लागि चाहिने आवश्यक कच्चा पदार्थअर्थात् ऊन न्यूजिल्याण्ड र तिब्बतबाट ल्याउने गरेको छ । अल्लो, गाँजा, केराको रेशा तथा रेशमी धागो प्रयोग हुने भएकाले नेपाली गलैंचा अरु देशको तुलनामा सरदरमा २० प्रतिशत महँगो भए पनि गुणस्तरीय हुने गरेको निर्यातकर्ताको दाबी छ ।

कतिपय अवस्थामा एउटा गलैंचा तयार गर्न तीनदेखि छ महिनासम्म लाग्ने र त्यसको मूल्य रु ४० लाखसम्म पर्ने जानकारी सो अवसरमा दिइयो । नेपालसँग कुनै बेला वार्षिक ३३ लाख वर्गमिटरसम्म गलैंचा उत्पादन गरेको रेकर्ड रहेकामा हाल वार्षिक चार लाख वर्गमिटर उत्पादन हुँदैआएको छ ।

# सहकार्यका लागि नेपाल र मंगोलियाबीच हस्ताक्षर

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊन उत्पादन, गुणस्तर परीक्षण र निर्यात प्रवर्द्धनमा सहकार्यका लागि नेपाल र मंगोलियाबीच सहमतिपत्रमा हस्ताक्षर भएको छ । नेपालमा पश्मिना धागो र ऊनको गुणस्तर परीक्षण र विश्लेषण एवं यस क्षेत्रमा ज्ञान एवं अनुसन्धान कार्यको आदानप्रदानमा नेपाली व्यवसायी र मंगोलियाली अधिकारीहरू सहमत भएका हुन् ।

नेपाल पश्मिना उद्योग संघ तथा मंगोलियाली सरकारको रिसर्च एण्ड डेभलप्मेन्ट इन्स्टिच्युट अफ लाइट इन्डस्ट्रीबीच यस विषयमा बुधबार समझदारीपत्रमा हस्ताक्षर भएको हो । उक्त समझदारीपत्रमा संघको तर्फबाट अध्यक्ष विजय दुगर र इन्डस्ट्रीका तर्फबाट निर्देशक तुर्मुन्ख तोन्मिदले हस्ताक्षर गर्नुभएको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ ।

समझदारीअन्तर्गत नेपाली पश्मिना व्यवसायीले ऊन तथा पश्मिना धागो, अर्ध प्रशोधित भूवा तथा ऊनबाट बनेका उत्पादनको नमूनालाई इन्डस्ट्रीमा गुणस्तर परीक्षण तथा विश्लेषण गर्ने एवं यस व्यवसायमा आफ्ना ज्ञान, अनुभव एवं अनुसन्धान कार्यबारे दुवै पक्षले आपसमा जानकारी आदानप्रदान गर्नेछन् ।

हस्ताक्षर भएको दिनदेखि लागू भएको यो सहमतिको अवधि पाँच वर्षको हुने र दुवै पक्षको आपसी समझदारीमा यसको अवधि बढाउन सकिनेछ । मन्त्रालयका सचिव मधुकुमार मरासिनी तथा मंगोलियाका खाद्य कृषि तथा हल्का उद्योग मन्त्रालयका राज्य सचिव जम्बाल्ट्सेरेन तुमुर-उयाको उपस्थितिमा उक्त समझदारीपत्रमा हस्ताक्षर भएको हो ।

अन्तर्राष्ट्रिय व्यापार केन्द्रको आयोजनामा मंगोलियाको उलानबाटोरमा जारी वर्ल्ड एक्सपोर्ट डेभलप्मेन्ट फोरम, २०२३ मा नेपाली सरकारी उच्च अधिकारी तथा निजी क्षेत्रको प्रतिनिधि सम्मिलित प्रतिनिधमण्डल सहभागिताको अवसरमा उक्त समझदारी भएको हो ।

चारदिने उक्त सम्मेलनमा क्षेत्रीय व्यापार सम्पर्क, भूपरिवेष्टित राष्ट्रहरूका व्यावसायिक आवाज, व्यवसायीबीचको बैठक, उद्यममा युवा तथा महिला सहभागिता तथा स्थानीय नवप्रवर्तनसहित डिजिटल रूपान्तरणलगायतका विषयमा व्यवसायी, नीति निर्माता, विकास साझेदार निकायका प्रतिनिधि, विज्ञहरूबीच विभिन्न छलफल सत्र सञ्चालन भएका थिए । सो अवसरमा सचिव मरासिनी र मंगोलियाका राज्य सचिव उयाबीच अन्तर्राष्ट्रिय मञ्चमा भूपरिवेष्टित राष्ट्रको हितका लागि उठाइनुपर्ने आवाजबारे कुराकानी भएको थियो । पश्मिना तथा ऊनको क्षेत्रमा दुवै देशका निजी क्षेत्रबीच आपसी सहयोगलाई अझ सशक्त बनाउने तथा भूपरिवेष्टित विकासशील राष्ट्रले भोगिरहेका साझा समस्या तथा चुनौतीबारे अन्तर्राष्ट्रिय मञ्चमा उठ्ने आवाजमा दुवै मुलुकले ऐक्यबद्धता जनाउनेबारे उक्त अवसरमा छलफल भएको थियो ।


पखालाबाट बचौं र बचाऔं ।

पखाला लाग्न नदिन,

- झुल लगाएर सुत्ने,
- खुला स्थानमा शौच नगरौं, शौचालयको प्रयोग गरौं ।
- शौचालयको प्रयोगपश्चात् र फोहोर चिज छोएपछि साबुनपानीले मिचिमिचि हात धुने गरौं ।
- खाना बनाउनु, खुवाउनु र खानु अघि पनि साबुनपानीले हात धुने गरौं ।
- उमालेको र फिल्टर गरेको शुद्ध र सफा पानीमात्र पिउने गरौं ।
- बासी, सडेगलेका र झिंगा भन्किएका खानेकुरा नखाऔं ।
- खानेपानीको मुहान सफा र सुरक्षित राखौं ।
- घरका कोठा, आँगन, कौशी, बरण्डा, भान्सा, शौचालय एवं घर वरिपरि सफा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ